# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## क्रान्तिकारी युवा लिग काभ्रे चौरी देउराली गाउँपालिकाको संयोजकमा सागर गौतम

काभ्रे । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग नेपाल काभ्रेको चौरी देउराली गाउँपालिकामा भएको एक भेलाले लिगको गाउँपालिका संयोजकमा सागर गौतमलाई निर्वाचित गरेको छ ।

प्राप्त समाचार अनुसार भेलाले गौतमको संयोजकत्वमा २५ सदस्यीय भेला आयोजक कमिटि निर्माण गरेको छ । लिगको उक्त गाउँपालिका सदस्यहरूमा अरुण गौतम, राजेश हुमागाईं, प्रल्हाद चौलागाईं, सुरज गौतम, दिनानाथ चौलागाई, गोविन्द प्रसाद गौतम, बसन्त बुढाथोकी, सिताराम गौतम, राजकुमार गौतम, प्रदीप गौतम, बुद्ध चौलागाई, सुभाष गौतम, राजेश गौतम लगायत रहेका छन् ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य दिनेश शर्माको उपस्थितिमा भएको भेलाले युवाहरूलाई क्रान्तिकारी युवा लिगमा आवबद्धता बढाएर लैजान क्रियाशिल रहने निर्णय गरेको छ


वर्ष १ अङ्क ४३ | २०७४ वैशाख १८ गते सोमबार | Monday, May 1, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


# जिल्ला जिल्लामा उम्मेद्वार घोषणा गऱ्यो देजमोले

◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं । निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको नेकपा (क्रान्तिकारी माओवादी)को राजनैतिक वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाले जिल्ला जिल्लामा धमाधम उम्मेदवारहरू घोषणा गरेको छ । देजमो केन्द्रीय कार्यालयका सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार मोर्चाले ३१ वैशाखमा हुने भनिएको पहिलो चरणको निर्वाचन हुने ३, ४ र ६ नं. प्रदेशमा पर्ने जिल्लाहरूमा उम्मेदवारहरूको घोषणा गरेको हो ।

**यस्ता छन् चार महानगरपालिकाका मेयरका उम्मेदवार**

पहिलो चरणमा हुने प्रदेशमा पर्ने काठमाठौं महानगरपालिका, पोखरा महानगरपालिका, भरतपुर महानगरपालिका र ललितपुर महानगरपालिकामा देजमोले उम्मेदवारको टुंगो लगाएको छ ।

काठमाडौं महानगरपालिकामा देजमोका उपत्यका संयोजक समेत रहेका नेता गोर्की श्रेष्ठलाई मेयरमा अगाडि सारेको छ भने ललितपुर महानगरपालिकाको मेयरमा विजय खड्गीलाई उठाएको छ । जुझारु महिला नेतृ अम्बिका मुड्भरीलाई देजमोले भरतपुर महानगरपालिकामा मेयरको रूपमा अगाडि सारेको छ भने नेता भीम श्रीसलाई पोखरा महानगरपालिकाको मेयरको रूपमा खडा

## महानगरपालिकाका उम्मेदवारहरु



विजय खड्की



गोर्की श्रेष्ठ



भीमबहादुर श्रीस



अम्बिका मुडभरी

गरेको छ ।

श्रेष्ठ पुराना र स्थापित कम्युनिष्ट नेता हुन् भने खड्गी जुझारु युवा हुन् । नेतृ मुडभरी जिल्लाकी चर्चित र जुझारु नेतृ हुन् भने नेता श्रीस पोखराका स्थापित र सम्मानित नेता हुन् ।

कहाँ को को भए देजमोका उम्मेदवार ?

**काठमाडौं**

- काठमाडौं महानगरपालिका-मेयर- गोर्की श्रेष्ठ

-टोखा नगरपालिका- मेयर- केशर प्रधान, उपमेयरमा छिरिङ अंगु शेर्पा र ११ वटा वडा अध्यक्षहरूमा क्रमशः रामशरण दुलाल, मनिराज डंगोल, आशाकाजी महर्जन, बिज्ञान नेपाल, रामशरण गिरि, गोपाल कार्की, सुमित्रा न्यौपाने, बद्रिहरी नेपाल, दलबहादुर घर्ति, बाबुराजा महर्जन, माधव शर्माको नाम उम्मेदवारको रूपमा घोषणा गरिएको हो ।

-बुढानिलकण्ठ नगरपालिका- मेयर- देवीप्रसाद अधिकारी, उपमेयर गोवर्द्धन बुढाथोकी

-गोकर्णेश्वर नगरपालिका- मेयर- ढोगप्रसाद अधिकारी, उपमेयर गोविन्द गौतम

-कागेश्वरी मनोहरा नगरपालिका- मेयर- नवराज ढकाल, उपमेयर- दिनेश फुयाल, बाँकी नगरपालिकामा उम्मेदवार घोषणा हुन बाँकी रहेको छ ।

**ललितपुर**

-ललितपुर महानगरपालिका-मेयर- विजय खड्गी, उपमेयर- इन्दिरा अधिकारी

-गोदावरी नगरपालिका मेयर श्याम केसी, वडा नं. १३ अध्यक्ष इश्वर विष्ट

-महालक्ष्मी नगरपालिका मेयर अर्जुनलाल श्रेष्ठ, कोञ्ज्योसोङ गाउँपालिका प्रमुख अरुण केसी

**भक्तपुर**

-भक्तपुर नागरपालिका मेयर विष्णुप्रसाद न्हिसुतु, उपमेयर राधा सितिखु

-सूर्यविनायक नगरपालिका मेयर राजु लोहला,

-चाँगुनारायण नगरपालिका मयेर शंखलाल मगजु

-ठिमी नगरपालिका मेयर बुद्धिकृष्ण श्रेष्ठ

**चितवन**

-भरतपुर महानगरपालिका-मेयर- अम्बिका मुड्भरी, उपमेयर-बाबुराम प्यासी परियार, वडा नं. ४ अध्यक्ष खड्ग बहादुर कुँवर, वडा नं. ५ अध्यक्ष स्मथ सुनार, वडा नं. ११ वडा अध्यक्ष मधु बजगाईं, वडा नं. १४ अध्यक्ष बृहस्पति दवाडी, वडा नं. १५ अध्यक्ष महादेव शर्मा, वडा नं. १६ वडा अध्यक्ष राजकुमार बोलाखे, वडा नं. १७ अध्यक्ष रामचन्द्र विक, वडा नं. १८ अध्यक्ष हिरालाल पाठक, वडा नं. १९ वडा अध्यक्ष दुर्गादेवी सुवेदी, वडा नं. २० वडा अध्यक्ष डिल्लीराम दवाडी, वडा नं. २१ वडा अध्यक्ष अरुणा रावत, वडा नं. २७ वडा अध्यक्ष त्रिभूवन महत्तो

-राप्ती नगरपालिका-मेयर- कुमार थापा, उपमेयर- गायत्री पनेरु

-खैरहनी नगरपालिका-मेयर- चुँडामणि दर्जी

-रत्ननगर नगरपालिका-उत्तम सिम्खडा, उपमेयर विन्दा कार्की

-माडी नगरपालिका-मेयर- चन्द्रप्रसाद सुवेदी, उपमेयर-सावित्रा पौडेल, वडा नं. १ अध्यक्ष तिलक अधिकारी, वडा नं. २ अध्यक्ष टंक बास्ताकोटी, वडा नं. ३ वडा अध्यक्ष भविश्वर महतो, वडा नं. ४ अध्यक्ष रामबली महतो, वडा नं. ५ अध्यक्ष तारा विक, वडा नं. ६ अध्यक्ष कृष्ण पौडेल, वडा नं. ७ वडा अध्यक्ष तोरण परियार, वडा नं. ८ अध्यक्ष एकबहादुर परियार, वडा नं. ९ अध्यक्ष प्रेम आचार्य


... बाँकी ७ पेजमा


# देजमोका उम्मेदवारहरूको अपहरणशैलीमा गिरफ्तारी









चितवन । स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिसहित चुनावको तयारी गरिरहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूलाई घरदैलो गरिरहेको अवस्थामा अपहरण शैलीमा प्रहरीले गिरफ्तार गरेको छ ।

चितवनको रत्ननगर नगरपालिकाको वडा नं ३ मा जनतासँग घरदैलो कार्यक्रम गरिरहेका मेयरका उम्मेदवार उत्तम सिंखडा, उपमेयरका उम्मेदवार विन्दा कार्की, वडा अध्यक्षका उम्मेदवार छविलाल सुनार, नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार घननाथ सापकोटा, देजमो इलाका


... बाँकी ७ पेजमा


## संशोधनमा दुई तिहाई नजुटेपछि निर्वाचन अन्यौलमा

काठमाडौ । सरकारले टेबल गरेको संशोधन प्रस्तावमा दुई तिहाई नपुगेपछि सत्तारुढ दलहरूले २१ गते सम्मका लागि संसद स्थगित गराएका छन् । र, उनीहरू निर्वाचनको मिति सार्नेबारे छलफलमा जुटेका छन् । यससँगै ३१ बैशाखका लागि घोषणा गरिएको पहिलो चरणको निर्वाचन सर्ने लगभग निश्चित भएको छ ।

सिपी मैनालीलाई उपप्रधानमन्त्री बनाएर मालेसँग भएका सभासद ल्याएर दुई तिहाई पुऱ्याउन सत्तारुढ दलहरूले गरेको कसरत राप्रपाका १० बढी सभासद् संसदमा अनुपस्थित रहेपछि संसदको गणितीय खेल अन्तै मोडिन पुगेको छ ।

सुरुमा एक चरण र पछि दुई चरणमा चुनाव गर्न सहमत भएका दलहरू फेरी एकै चरणको चुनाव गर्ने बरु मिति सार्ने मनस्थितिमा पुगेका छन् ।

निर्वाचन कार्यतालिका अनुसार पहिलो चरणको चुनाबका लागि बैशाख १९ गते उम्मेद्वारी घोषणा गर्नुपर्ने छ । त्यसअघि सबैलाई समेट्न संविधान संशोधन गरिसक्नुपर्नेछ । त्यसका लागि संसद बैठक अनिवार्य छ ।

तर, संसद बैठक बैशाख २१ गतेलाई डाकिएको छ । जबकी मोर्चाले संविधान संशोधनको ग्यारेन्टी गर्न र बैशाख १८ गतेभित्रको अल्टिमेटम दिइसकेको छ । तर, संसद बैठक



बैशाख २१ मा तोकिएसँगै मधेसी मोर्चाले १९ गतेको निर्वाचन कार्यतालिका अनुसार आफुहरू उम्मेदवार मनोनयन नगर्ने बताइसकेको छ ।

सरकारले संविधान संशोधन बिधेयक, पारित गर्नका लागि नभई दलहरूबीच मतभेद बढाउन र चुनाव भाँड्नका लागि ल्याइएको आरोप एमालेले लगाएको छ । संसदवादीहरूबीचमा नै अन्तरविरोध चुलिएपछि चुनाव ३१ बैशाखमा मात्रै होइन, जेठ ३१ मा पनि हुन नसक्ने बालुवाटार स्रोतले जनायो । स्रोतका अनुसार चुनाव कात्तिकसम्म धकेलिन सक्ने परिस्थितिको विकास हुँदै गएको छ ।

## प्रधानन्यायाधीश कार्कीविरुद्ध महाभियोग प्रस्ताव दर्ता

काठमाडौं । कांग्रेस र माओवादी केन्द्रका १५१ संसदको हस्ताक्षरमा प्रधानन्यायधीश सुशीला कार्की विरूद्ध महाभियोग प्रस्ताव व्यवस्थापिका संसद सचिवालयमा दर्ता गरिएको छ ।

सत्तारुढ दल कांग्रेस र माओवादी केन्द्रका एक चौथाई सांसदले कार्कीका विरुद्ध कार्यकारी अधिकारमाथि हस्तक्षेप गरेको, आइजिपी प्रकरणमा पहिलोलाई दोस्रो र दोस्रो हुनेलाई पहिलो बनाई कामसु तोडमोड गरेर फैसला गरेको, न्यायालयको स्वतन्त्रतामा हस्तक्षेप गर्दै सीमित न्यायाधीसलाई इजलासमा राखेको, कार्यविधि कानुनको पालना नगरेको लगायतका आरोप लगाइएको छ । संविधानको धारा १०१ को उपधारा २ र व्यवस्थापिका संसद नियमावली २०७३ को नियम १६८ (१) अनुसार संसद सचिवालयमा आइतबार अपरान्ह



४ बजे महाभियोग प्रस्ताव दर्ता गरिएको हो ।

महाभियोग प्रस्ताव दर्ता गराउन कांग्रेसक नेता मीनबहादुर विश्वकर्मा र माओवादी केन्द्रका प्रमुख सचेतक टेकबहादुर बस्नेतलगायतका सांसदहरू


... बाँकी ७ पेजमा


## निर्वाचनको क्रान्तिकारी उपयोग किन ?

नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक क्रान्तिकारी संयुक्त मोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले विद्यमान प्रतिकृयावादी व्यवस्था अन्तर्गत हुने भनिएको स्थानीय तहको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने भन्ने निर्णय सार्वजनिक भएपछि यसबारे राजनीतिक बृत्तमा र आम नेपालीका वीचमा समेत निकै चासो बढेको छ । विशेषतः संविधान सभा-२लाई सकृय वहिष्कार गरेको नेकपा (क्रान्तिकारी माओवादी)को क्रान्तिकारी मोर्चाले त्यसै संविधान सभाले बनाएको पश्चगामी संविधानअन्तर्गतको स्थानीय तहको निर्वाचनलाई उपयोग गर्ने निर्णयलाई सहि किसिमले बुझ्न अप्ठेरो हुनु स्वभाविक पनि हो । यसबारे स्पष्ट पार्नुपर्ने आवश्यकता माथि ध्यान दिँदै यो संक्षिप्त लेखलाई यसै विषयमा केन्द्रित गरिएको छ ।

**कथित उत्कृष्ट संविधानका निर्माता र पक्षपातीहरूले उनीहरूले नै उल्लेख गरेका संवैधानिक व्यवस्था र प्रावधानहरूको अति सुन्दर ढंगले धज्जी उडाएका छन् । अहिले हाम्रो पार्टी लगायतका राजनीतिक दलहरूले संविधानका ती प्रावधानहरूमा व्यवस्था भए अनुसार पार्टी दर्ता र चुनाव चिन्ह प्रदान गर्नका लागि संघर्ष र आन्दोलनमा उत्रनु परेको छ ।**



● सीपी गजुरेल

**दुई भिन्न नीति र उद्देश्य**

दुई चरणमा हुने भनिएको स्थानीय तहको निर्वाचनमा सहभागि विभिन्न राजनीतिक दल र संगठन मूलतः दुई फरक नीति र उद्देश्य लिएर सहभागि भएका छन् र तिनीहरू दुई भिन्न कित्तामा विभाजित छन् । एक पक्षले यो प्रतिकृयावादी व्यवस्था हो र वर्तमान् संविधान पश्चगामी हो भन्ने कुरा स्पष्ट गर्दै यसलाई खारेज गर्ने उद्देश्यलाई केन्द्रमा राखेर यसको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको छ भने अर्को पक्षले यो प्रतिकृयावादी व्यवस्थालाई "सर्वोत्तम व्यवस्था" र यो संविधानलाई "उत्कृष्ट" भएको (कु) प्रचार गर्दै यही पश्चगामी संविधानलाई लागु गर्ने र यही प्रतिकृयावादी व्यवस्थालाई स्थायित्व दिने र यसैलाई भऱ्याङ बनाएर सत्तामा पुग्ने उद्देश्यका साथ यो चुनावमा होमिएका छन् । यति ठुलो अन्तरलाई बुझ्न नसक्दा पश्चगामी शक्तिहरूले जनतामा ठूलो भ्रम पैदा गर्ने र धोखा दिने काम गरिरहेका छन् । तिनीहरूको हितमा काम गरिरहेको खास गरेर ठुला भनिने संचार माध्यमले यसमा धेरै मल जल गरिरहेका छन् । सर्बप्रथम त यी दुई प्रकारका, दुई विपरीत प्रकृतिका शक्तिहरूबारे स्पष्ट पार्नु आवश्यक छ ।

बहालवाला प्रधान न्यायाधिशलाई मन्त्रीमण्डलको अध्यक्ष बनाएर सेना परिचालन गरी प्रायोजित संविधान सभा नं-२


... बाँकी ७ पेजमा

## सम्पादकीय

# पत्रकार महासंघको चुनावमा अलोकतान्त्रिक अभ्यास

पत्रकारिता जगतलाई लोकतन्त्रको 'वाचडग'को रूपमा हेरिन्छ। पत्रकारिता जगतलाई यसैकारण नेपालमा राज्यको चौथो अंगको हैसियत दिइएको छ। तर नेपाली पत्रकारिता क्षेत्रको नेतृत्वदायी संस्था नेपाल पत्रकार महासंघमा भने अलोकतान्त्रिक अभ्यास बढेर गएको छ। महेन्द्र विष्ट नेतृत्वको नेपाल पत्रकार महासंघले नयाँ सदस्यता प्रदानदेखि भएका शाखाहरूको निर्वाचनमा अलोकतान्त्रिक अभ्यास गरेको भन्दै महासंघको ६० वर्षे इतिहासमा यसपटक सबभन्दा बढी यसको जिल्ला र केन्द्रका कार्यालयहरूमा तालाबन्दी गरिए, धर्नादेखि अनसनसम्मका थुप्रै नजिरहरू सामुन्नेमा आए।

क्रान्तिकारी पत्रकार महासंघले त सदस्यता शुद्धीकरणमो माग राख्दै महासंघको केन्द्रमा ११ दिनसम्म तालावन्दी गर्‍यो। यतिसम्मकी महासंघको ललितपुरको जिल्ला शाखामा त सहमतिको नाममा निरंकुशताको अभ्यास गरेको भन्दै नयाँ कार्यसमितिले पदभार ग्रहण गर्न नपाउँदै कार्यालयमा ताला लगाउनुपर्ने स्थिति बन्यो। यहाँसम्म कि संस्थाभित्र लोकतान्त्रिक अभ्यासको माग गर्दा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्यले नै राजीनामा दिनुपर्ने स्थिति बन्यो। महासंघमा नयाँ सदस्यता दिने सवालमा पारदर्शी र लोकतान्त्रिक अभ्यासको माग गर्दा केन्द्रीय सदस्य दीपेन्द्र कुँबरलाई राजीनामा दिनुपर्ने स्थितिमा पुर्‍याइयो।

नेपाल पत्रकार महासंघको विधान विपरीत ललितपुर र काठमाडौंमा गरिएको अलोकतान्त्रिक तथा स्वेच्छाचारी अभ्यासले त आम श्रमजीवि पत्रकारहरू बीचमा मात्र होइन, महासंघलाई सिंगो नागरिक समाज बीचमा नै बद्नाम र घृणित तुल्याएको छ। र, सरोकारवाला संगठनहरूले वक्तव्य नै निकालेर गरिएको निरंकुश र निषेधकारी अभ्यासको विरोध गर्नुपर्ने स्थिति बनेको छ। पछिल्लो समयमा काठमाडौंको अधिवेशनको प्रक्रियामा महासंघले गरेको अभ्यासलाई क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले वक्तव्य निकालेर भनेका छन्, "यो सामान्य र अन्जानबस भएको कमजोरी नभई नियोजित रूपमा नेपाल पत्रकार महासंघभित्र हुर्किरहेको फासिवादी, निरंकुश र निषेधकारी प्रवृत्ति बोकेका सिन्डिकेटवाला 'विचौलिया'हरूको व्यवहारको अभिव्यक्ति हो।"

वैशाख ८-१० मा सम्पन्न नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको दशौं अधिवेशनमा क्रान्तिकारी पत्रकार महासंघका महासचिव केशरमणि कटुवाल र काठमाडौं जिल्ला संयोजक तथा बरिष्ठ पत्रकार रामचन्द्र हुमागाईंले शाखाले तय गरेको प्रक्रिया पूरा गरेर केन्द्रीय पार्षद्का लागि उम्मेदवारी दिएकोमा निर्वाचन समितिले उहाँहरूको नाम प्रदेश पार्षद्को सूचिमा प्रकाशित गरेपछि राउतले निकालेको वक्तव्यमा यस्तो भनिएको हो।

आफ्नो छाता र साझा चरित्रलाई धुलिसात पार्दै महासंघमा एकाध संगठनको बर्चस्व स्थापित गर्न र गराउन एकाथरि मानिसहरू साम, दाम, दण्ड, भेद गरेर लागिरहेको देखिन्छ। तिनीहरूलाई महासंघको विधि, विधानको केही मतलव देखिन्न। कल, बल र छल गरेर जसरी भएपनि आफ्नो बर्चस्व स्थापित गराउन खोजेको देखिन्छ। काठमाडौं र ललितपुरको हकमा यही कुरा छर्लङ्ग देखिएको छ। यसमा महासंघकै नेतृत्व तहमा बसेका जिम्मेवार व्यक्तिहरू बढी संलग्न भएको देखिन्छ। यो र यस्तो अभ्यासले महासंघले आफ्नो साझा चरित्र गुमाउने र आम श्रमजीवि पत्रकारहरूको यस संस्थाप्रतिको विश्वास उठ्ने देखिन्छ। पछिल्ला अभ्यासहरू यसै दिशातर्फ उन्मुख देखिएका छन्। यसलाई समयमै नसच्याउने हो भने महासंघलाई धेरैले छाता संगठनको रूपमा मानिरहने र महत्व दिइरहने स्थिति नबन्न सक्छ। तसर्थ, पत्रकार महासंघको वर्तमान नेतृत्वले आफ्नो सोच र शैलीलाई बदलेर साँच्चैको साझा चरित्रको महासंघ बनाउन सबै सरोकारवाला संगठनहरूको अस्तित्व र प्रतिनिधित्वको रक्षा नगर्ने हो भने पत्रकार महासंघको औचित्य रहने छैन। यसतर्फ बैलैमा ध्यान जान जरुरी छ।


**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।**

www.moolbato.com


## दस्तावेज

# तीन दलीय अधिनायकवाद, स्थानीय निर्वाचन र विरोधी आन्दोलन



● सीताराम तामाङ

बुर्जुवा राजनीतिमा संसदीय चुनावबाट हिटलरको जातीय फासिवादले (अधिनायकवाद) जन्म लिएको इतिहास छ। आजको विश्व राजनीति पनि सो दिशार्फ सोझिएको देख्दै छौं। रुसको राष्ट्रपति भ्लादिमिर पुटिन जातीयताकै कारण सत्तामा टिकिरहन सकेको छ। भारतको मोदीलाई जातीयताकै बलले सत्तारुढ बनाउन मद्दत गरेको छ। अमेरिकाको ४५ औं राष्ट्रपतिको चुनाव विजेता डोनाल्ड ट्रम्पको पनि श्वेत जातीयतावादी ब्यवहारनै मुख्य कारण बन्यो। भारतमा मोदीले हिन्दु जातीय राष्ट्रवादलाई उ छाले भने अमेरिकामा ट्रम्पले मेक्सिकन, मुस्लिम र अफ्रो-अमेरिकन नागरिकका विरुद्ध जेहाद छोडे। फ्रान्समा हुन लागेको राष्ट्रपतिको चुनावको एउटा उमेरद्धार लि पेनले पनि फ्रान्सेली जातीय राष्ट्रवादकै पुच्छर पक्रेकी छन्। उनले जितिन भने अफ्रिका र मध्यपूर्व मुलुकहरूबाट फ्रान्स आएका सीमान्तकृत समुदायलाई विभाजित र कष्टकर बनाउन सक्ने राजनीतिक विशेषज्ञहरूको ठम्याई छ। जातीय राष्ट्रबाद हदैसम्मको दक्षिणपंथी राजनीतिक विचारधाराको मुद्दा हो र यसको विरोध पनि सबै मुलुकहरूमा हुन थालेको छ।

नेपालमा पनि हिन्दु जातीय राष्ट्रवादकै मुद्दा उ छालेर पृथ्वी नारायण शाहले गोर्खा राज्य विस्तार गरेका थिए।उनी पर्छि छका उत्तराधिकारीहरूको लाममा परेका राजा महेन्द्रसम्मकले एकल जातीय र केन्द्रिकृत शासन चलाएका थिए। २०२६ र २०४६को जनआन्दोलनबाट पनि राजाको अधिकारमा केही कटौंती भए पनि एकल जातीय र केन्द्रिकृत शासन पद्दतिमा कुनै फरक आएन। मधेसी, आदिबासी जनजाति, दलित, महिला र पि छडिएका क्षेत्रको मुद्दालाई माओवादी दशबर्षे जनयुद्धले सतहमा ल्याएको र २०६२/०६३को ऐतिहासिक जनआन्दोलनको रापतापबाट बनेको २०६३को अन्तरिम संविधानले उक्त मुद्दालाई एक हदसम्म आत्मसात गरेको कारणबाट बनेको संविधानसभा प्रथमलाई नयाँ महेन्द्रवादी तीन दलीय (ने.का., एमाल र माके) सिण्डीकेटले तुहाउने काम गरे। उनीहरूले विदेशीको निर्देशनमा संविधानसभा दाश्रोको नाटक मञ्चन गरे र धर्मनिरपेक्षता, पहिचान समेतको संघीयता र पूर्ण समानुपातिक शासन प्रणालीको विरुद्धमा पश्चगामी संविधान (२०७२) घोषणा गरे। संघीय शासन भएको मुलुकमा केन्द्रले संसदको प्रदेशको निर्वाचन गर्ने र प्रदेशले आफ्नो मातहतको स्थानीय तहको निर्वाचन गर्ने प्रचलन छ। त्यसका लागि प्रदेशको सीमाङ्कन र स्वायत्त अधिकार संविधानले नै सुनिश्चित गरिसको अवस्थामा मात्र प्रदेशले स्थानीय तहको निर्वाचन गराउँद छ। तर तीन दलीय सिण्डीकेटले प्रदेशलाई कमजोर पार्न चुनाव स्थानीय तहबाट सुरु गरेको छ। उक्त चुनावमा पनि संसदमा नभएका दलहरूलाई निर्वाचन चिन्ह नदिने गरिएको छ। तीन प्रतिसतको थ्रेसहोल्ड पनि राखिएको छ। यी कामहरू कुन उदेश्यले गरिएको छ भने वेलायत र अमेरिकामा जस्तो दुइ दलिय (वा तीन) बर्चश्व भएको संसद बनाउने र चुनावबाटै एकल जातीय फासिवादी शासनलाई निरन्तरता दिने।

❑ मनुवादी दर्शनको आधारमा चलेको नेपालको सामन्ती शासन वृटिश साम्राज्यवादको दलाली र निर्देशनमा टिकेको थियो। भारतबाट वृटिश साम्राज्य हट्यो तर नयाँ भारतीय शासकवर्गको नेपाल माथिको भूमिका वृटिश साम्राज्यवादकै नीतिको निरन्तरतामा छ र नेपालका शासकवर्ग पनि साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको दलाली र निर्देशन मै टिकेका छन्। तसर्थ अहिले पनि नेपालको शासन दलाल तथा नोकरशाही पुँजीपति र भर्खरै पराजित सामन्तवर्गको हातमा रहेको छ र उक्त वर्गहरूको मुख्य नेतृत्व नेका, एमाले र माकेले गर्द छन्। ती पार्टीहरूमध्य पनि एकल जातीय राष्ट्रवादको मुख्य भूमिकामा एमाले नेतृत्व रहेको छ। उक्त कुराहरूले प्रथम, अहिलेको शासन ब्यवस्था प्रतिकृयावादी छ, दितीय, यो ब्यवस्थाको मुख्य संचालन दलाल तथा नोकरशाही पुँजीपतिवर्ग र भर्खरै पराजित सामन्तवर्गको प्रतिनिधिले गरेको छ, तृतीय,यिनीहरूले बनाएको संविधान पश्चगामी छ र चतुर्थ, प्रतिगामी संविधानभित्र निर्वाचन गरिदै छ।

**किन स्थानीय निर्वाचन गराउन खोजेको हो ?**

❑ माथि नै भनियो कि संघीय शासन भएको मुलुकहरूले पहिले केन्द्र (संसद) र प्रदेशको निर्वाचन गर्द छन् अनि प्रदेशले आफु मातहतका स्थानीय तहका निर्वाचन गराउँद छन्। तर नेपालको संविधानले संघीयतालाई कमजोर पार्न बेनामी र बेठेगानी सात प्रदेश बनाएकोले त्यसको मधेसी, जनजाति, दलित र पि छडिएको क्षेत्रले विरोध गर्नु स्वभाविक थियो। विरोध मत्थर पार्न भनिएर प्रचण्ड सरकारले ४ र ५ नं. प्रदेशको सीमाना हेरफेर भएको संविधान संशोधन प्रस्ताव संसदमा दर्ता गराएको थियो तर एमाले लगायत केही दलले त्यसमा भाँजो हाले पर्छि एमाले खुसी पार्न स्थानीय निर्वाचनको मिति घोषणा गरियो।

❑ तर पहिले प्रदेशको सीमाङ्कनको टुंगो नलागी मधेसवादी र जनजाति दलहरू स्थानीय निर्वाचनमा नजाने र एमाले संविधानमा संशोधन हुन नदिने नीति अद्यापि कायमै छ।

❑ यसै बीच प्रचण्ड सरकारले एउटा उच्चस्तरीय आयोगद्धारा प्रदेशको सीमाङ्कन तीन महिनामा टुंगयाउने र पहाड लगायतको जनसंख्याको आधारमा नै तराईमा पनि स्थानीय तहको सीमाङ्कन गर्ने नीति ल्याए अनुसार तराईका केही जिल्लाहरूमा स्थानीय तहको संख्या थप गर्न सम्बन्धित जिल्लाहरूमा परिपत्र समेत गरियो तर एमालेका विरोधको कारण त्यो फिर्ता भएको छ। चुनाव पनि दुई पटक गर्ने कार्यक्रम समेत ल्याइएको छ।

❑ २०७४ बैशाख १७ गतेसम्म संविधान संशोधन विधेयक संसदबाट पारित गराउने बचन प्रचण्डले मधेशवादी दलहरूलाई दिएको छ तर एमाले समेतको ९ दलीय गठबन्धनले त्यसलाई पारित हुन नदिने निर्णय गरेको छ।

❑ तर संसदमा नभएका पाटीहरूलाई चुनावमा भाग लिनका लागि "चुनाव तिन्ह" नदिने र मतदाता नामावलीमा छुटेकाहरूलाई "सच्याउन" समेत नदिने नीतिमा तीन दलीय सिण्डिकेट एकमत छ।

❑ तीन दलीय सिण्डिकेटले चुनावमा "थ्रेसहोल्ड" राखेर साना र नव प्रवेशी दलहरूलाई निशेध गर्ने प्रजातंत्र विरोधी नीति अघि सारेको छ।

❑ स्थानीय तहको नामाङ्कन गर्दा सरकारले स्थानीय आदिवासी, मधेसी र पि छडिएका क्षेत्रको पहिचानका नामहरूलाई हटाएर हिन्दु नामकरण गरिएका छन् जस्ले पुनरुत्थानतर्फ गमन गरेको देखिन्छ।

❑ विरोधाभाषणका वीच सरकारले सेनाको मातहतमा चुनाव गराउँदै छ जो प्रजातंन्त्र विरोधी कार्य हो। तर मधेसवादी दलहरू र एमाले वीचको द्धन्द्ध हल नगरी चुनाव हुने स्थिति देखिदैन।

**विरोधको आन्दोलन कस्तो छ ?**

❑ हाम्रो पार्टीले देशभक्त जनगणतांत्रिक मोर्चा, नेपालमार्फत संसदीय बुर्जुवा ब्यवस्था अन्तरगत हुन लागेको चुनावमा भाग लिनुको अर्थ संसदीय ब्यवस्थालाई बलियो बनाउन नभई बरु त्यसलाई कम्जोर बनाउन, संसदवादी दलहरूले मुलुक र जनताका विरुद्ध गरेका राष्ट्रघाती, भ्रष्टचारी र जनघाती कृयाकलापको विरोध र भण्डाफोर गर्नु हो। यसो गर्न यो चुनावको मञ्चलाई उपयोग गरिएको हो।

❑ ने.का., एमाले, मा.के. र राप्रपा, यी जुनसुकै नामधारी भए पनि प्रतिकृयावादी संसदीय व्यवस्थालाई दह्रो बनाउने पार्टीहरू हुन्। स्थानीय निर्वाचनमा यिनको विरोध र भण्डाफोरलाई हामीले मुख्य टार्जेट बनाउनु पर्द छ। तर यतिले मात्र हामीलाई पुग्दैन। नेकपा (क्रान्तिकारी माओवादी) अहिलेको प्रतिकृयावादी (अर्ध सामन्ती तथा अर्ध/नव औपनिवेशिक) ब्यवस्थालाई बलपूर्वक हुत्याएर त्यसको स्थानमा नयाँ जनवादी क्रान्तिमार्फत् धर्मनिपेक्ष-संघीय जनगणतंत्रात्मक राज्यव्यवस्था कायम चाहन्छ। त्यो दिशामा संघर्षको एउटा कडीको रूपमा स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्न लागेको कुरामा हामी प्रष्ट हुनु पर्द छ।

❑ तर के कुरा मा पनि प्रष्ट हुनु पर्द छ भने मधेसवादी दलहरू जो अहिले आन्दोलनमा छन्, यही ब्यवस्थाका हिमायती ... *बाँकी ७ पेजमा*

## झर्रोटर्रो

✍ कैलुब्राह

# सुप्रिमोको चुनावी रटान

नेपाल मण्डलमा यो महिनाको अन्तिम साता र अर्को महिनाको अन्तिम सातामा गाउँघरे सरकारको चुनाउ हुने भनिएको छ। गुज्जजर भैयूयाको अशिम अनुकम्पाले प्रधानमन्त्रीको पदमा आशिन भएका मिस्टर सुप्रिमोको चुनावी घोप (घोषणा पत्र) अनुसार यो चुनावले काठमाण्डुको सिँहदरबार अबदेखि रैतीका घरघरमा आउँदै छ। घरघरमा सिँहदरबार आउने भएपछि रैतीहरूलाई पनि चुनावी चटारो लाग्नु स्वाभाविकै हो। सिँहदरबार खोज्न काठमाण्डु नै जानू नपर्ने भएपछि रैतीहरूलाई हुनसम्मको जनवाद आएको छ। यो भन्दा ठूलो जनवाद त मार्क्सै बाँचेका भएपनि ल्याउन सक्ने थिएनन्। लेनिन र माओ बुढाहरूको त के कुरा भयो र ? यस अर्थमा मिस्टर सुप्रिमोलाई मुरीमुरी धन्यावाद दिनुपर्ने भएको छ।

मिस्टर सुप्रमोको सिद्धान्त पनि बडो विचित्रको छ। दिब्य बाहृबर्से युद्धका बेला मार्क्स, लेनिन, माओको हाराहारीमा आफूलाई राखेर आफ्नै नाममा विचार बनाएका सुप्रिमोले सरकारमा उक्लेपछि आफ्नै सिद्धान्तलाई काठमाण्डौबासी रैतीहरूको मलमुत्रले सुशोभित र सुगन्धित बागमतीमा सेलाएर जनवाद पूरा भएको घोषणा गरे। उता हामीजस्ता हरिलट्ठक कार्यकर्ताले जनयुद्धमा निर्माण भएको विचार छोड्नु हुँदैन भनेर अँठ्याएर राख्न खोजेका थियौं। जनवाद आइसक्दा पनि विचार अँठ्याएर राख्न खोज्ने हामी कति भौंदुराम रहेछौं ? अहिले सम्झँदा हाँसो उठेर आउँछ। सोलुतिरका एकजना किराँतेश्वरले त पोहोरसाल मिस्टर सुप्रिमोको भजन लेखेर उनकै विचारमा किताव छापे। जे होस् मिस्टर सुप्रिमोको जनवादले यतिखेर हिज आफ्नै टाउकाको मोल तोकेर टाउको काट्न आदेश गर्नेदेखि भूतप्रेतका भक्तजनसम्मलाई सत्तामा विराजमान गराएर स्वर्ग दिलाएको छ। वर्गको अन्त्य गराएको छ। अब राजावादीदेखि रङ्कवादीसम्म सबैलाई एउटै सत्तामा बसेर जुठो चाट्न लगाएको छ। टाउको काट्न आदेश गर्ने र टाउको जोगाउँदै भूमिगत हुने सबै एउटै आशनमा बसेर ककटेल मनाइ रहेका छन्। क्या वात् मिस्टर सुप्रिमोपथको चमत्कार।

मिस्टर सुप्रिमोको विचार अनुसार प्राप्त भएको जनवादी सत्ताको गाउँघरे चुनाउ यतिखेर धरापमा परेको छ। बैशाखको अन्तिम सातामा एकैचोटी चुनाउ गराउने भनेर न्वारानको बल लगाएर कस्सिएका सुप्रिमोलाई मधेशी लाउकेहरू र सूर्यछाप दलका उखानप्रासदले हैरानीमा पारेका छन्। एउटालाई तान्दा अर्को बाउँठिएर उछिट्टिन्छ, अर्कोलाई तान्दा पहिलो कर्कर्किएर बटारिन्छ। बल्ल बल्ल मधेशी लाउकेहरूलाई फकाएर दुई चरनमा चुनाउ गराउने भनेर लाग्दा फेरि उखानेहरू बाउँठिएर ठुस्किएका छन्। सबैलाई एकै ठाउँमा राखेर कुरा मिलाउन सुप्रिमोलाई भ्यागुताको धार्नी पुर्‍याने खेल जस्तै भएको छ। जनयुद्धमा डाक्टर, वैद्य, झाँक्री, धामी, लिनप्याओवादी, भित्रिया र बाहिरियाहरूलाई एक्लाएक्लै भेट्ने र सबैका कुरा थुतेर अन्त्यमा सबैका विचार र भनाइलाई जोरजाम पारेर आफ्नो विचार बनाउने गरेका सुप्रिमोलाई यतिखेर त्यो शुत्रले काम फत्ते हुने छाँटकाँट देखिन्न। उतिबेला त सबै लडाइँको मोर्चामा भएकाले एक्लाएक्लै भेटेर एउटाको कुरा अर्कालाई लगाएर फकाउने र तर्साउने गर्न र आफू सँधै मियो बन्न सजिलो थियो। सूचनाको पहुँच पनि थिएन। सहज भेटघाटको अवसर पनि थिएन। यतिबेला त एउटासँग बसेर वात मारेको अर्कोले थाहा पाइहाल्छ। त्यसैले छलछामको खेति धेरै फल्दोफाप्दो हुने छाँट देखिन्न। युद्धमा त आफ्नै कार्यकर्ता थिए, कोही बाउँठिन थाल्यो भने कार्वाही गरेर हुत्याइदिए हाइसन्चो हुन्थ्यो। अहिले अर्को पार्टीका नेतालाई कार्वाही गर्न पनि नमिल्ने। त्यसैले त यतिखेर पुलिसमन्त्री काला दारिवाल सुप्रिमोको लागि भालुको कन्चट भएका छन्।

कुरो त अर्कैतिर पो दगुर्‍यो। अँ गाउँघरे चुनाउ गराउने चटारोले यतिखेर मिस्टर सुप्रिमोलाई रातको निद्रा न दिनको भोक भएको छ। 'जति रटान लाए पनि, जति कसम खाए पनि चुनाव त्यसै टर्ने भयो, मेरो वचन त्यसै मर्ने नै भयो' भन्ने गीत जस्तो भएको छ यो चुनाउ सुप्रिमोका लागि। बाहिर चुनाउको रटान लाउने भित्रभित्रै बजेटको तयारी गर्ने र चुनाउ पर धकेलेर सरकारको आयु बढाउने मनसाय हो मिस्टर सुप्रिमोको गुदि कुरो। खासमा यो चुनाउ सुप्रिमोका लागि फाइदाको कुरो पनि होइन। चुनाउ सकेको भोलिपल्ट सरकारको तालाचावी टाउको काट्नेलाई दिनु पर्छ। एकातिर चुनाउ हारेर सर्मनाक पराजय व्यहोर्नु पर्ने अर्कातिर सरकार छोड्नु पर्ने। कस्तो फसाद। अहिलेको चुनाउको मत गणणामा बहिष्कार गरेर पनि हुनेवाला छैन। सबैतिरबाट कमजोर भएका बेला टाउको काट्न आदेश दिनेलाई सरकारमा उकालेपछि समाउँदै जेल कोच्दै गर्न के बेर ? उता सर्वोच्चले आफैं सरकारमा हुँदा त आफ्ना कार्यकर्ताहरूलाई थुन्न आदेश गरेर मर्नु न बौलाउनु बनाइसक्या छ। झन् आफू सरकारबाट हटेर कमजोर भएका बेला डेउडापतिले भकाभक समाउँदै थुन्दै गर्न थाले भने त सुप्रिमोको जनवादले हावा खाने निश्चित छ। हे पशुपतिनाथ, हे भोलेबाबा यी मधेशी र उखानप्रसादहरूको झगाडा अझै चर्काइदेऊ। यिनीहरूको झगडा जति चर्को भयो उती यो चुनाउ धरापमा पर्ने छ र मिस्टर सुप्रिमोको सरकारी आयु लम्बिने छ। *१७ वैशाख २०७४*

kailubraha73@gmail.com

# मई दिवस मनाउने परम्पराको थालनी कसरी भयो ?



कृष्णदास श्रेष्ठ

मई दिवस अर्थात् अन्तर्राष्ट्रिय मजदुर दिवस संसारभरका श्रमजीवी जनताको महान र गौरवमय दिन हो । यस दिवसलाई प्रत्येक वर्ष मई १ तारिखका दिन मनाउने गरिन्छ । श्रमजीवी जनताहरूको एक्यबद्धताको अभिव्यक्ति स्वरूप रहेको यस महान दिवस पूँजीवादी शोषण तथा उत्पीडनको स्वरूप रहेको यस महान दिवस पूँजीवादी शोषण तथा उत्पीडनको विरुद्ध मजदुरवर्गको संघर्षको अग्निज्वालाबाट पैदा भएको थियो । उक्त दिवस सर्वप्रथम १८८६ को मई महिनामा अमेरिकाको सिकागो सहरमा भएको थियो । त्यसैले यस दिवसलाई विश्व सर्वहारावर्गको पक्षमा संयुक्त राज्य अमेरिकाको एउटा ठोस, महान दिनको रूपमा लिइएको छ । यस दिवसको उत्पत्ति कसरी भयो भन्ने विषयमा छोटकरीमा विचार गरौं ।

मई दिवसको स्रोत पूँजीवादी शोषणको विरुद्ध अमेरिकाका मजदुरहरूको त्यस्तो संघर्ष छ, जुन संघर्ष आठ घण्टा कार्यदिनको लागि आन्दोलनको रूपमा भएको थियो । सन् १८८४ बाट शुरु भएको उक्त आन्दोलन १८८६ मईसम्म आईपुग्दा निकै व्यापक रूप धारण गऱ्यो । सन् १८८६ मा अमेरिकाका ठुला औद्योगिक सहरहरूमा न्यूयोर्क देखि सन फ्रान्सिसकोसम्म मजदूरहरूको जुलुस प्रदर्शन र हड्तालहरूको लहर नै फैलियो र सो व्यापक लहरमा संघर्षको मुख्य थलो सिकागो सहर रह्यो, जुन त्यसताका लडाकु मजदुर आन्दोलनको केन्द्र थियो । सो साल मईका दिवसमा हड्ताली मजदुरहरले शोषणको विरुद्ध अनेकौं मागहरू राखेर जुलुस प्रदर्शनहरू गरे । तिनको सबभन्दा प्रमुख माग थियो आठ घण्टा कामको दिन । मई १ तारिखका दिन सिकागोका मजदुरहरू कारखानाहरूमा काम गर्न छाडेर सडकमा भेला भए उक्त हड्ताल अन्य दिनहरूमा पनि चालु रह्यो । मई तीन तारिखका दिन शान्तिपूर्ण र संगठित ढंगबाट भएको विशाल मजदुर प्रदर्शनमा प्रहरीहरूले गोली चलाउँदा ६ जना मजदुरहरू मारिए ५० जना घाइते भए । शासक वर्गहरूको उपरोक्त पाशविक तथा घिनलाग्दो कार्वाहिको विरुद्ध भोलिपल्ट मई ४ तारिखका दिन मजदुरहरूले सिकागो सहरको मुख्य सडक हे मार्केट चोकमा विशाल आमसभा गरे । सो सभामा मजदुर नेताहरूले क्रुर प्रहरी दमनको घोर भर्त्सना र निन्दा गरे । आम मजदुरहरूलाई आफ्नो अडानमा अडिक रहन आबहान् गरे । सो संघर्षले मई ४ तारिखमा उपरोक्त चोकमा भएको आमसभामा गएर उच्चतम बिन्दु प्राप्त गऱ्यो । सभा विर्सजन हुन लागेकै बेलामा एकजना दलाल उत्तेजकले एउटा बम फाल्दा कैयन प्रहरी र स्रोताहरूको हत्या भयो । प्रहरीहरूले बम हन्ने मानिसतिर हेर्दै हेरेनन्, बरु सो घटनालाई बहाना बनाएर उनीहरूले मजदुरहरूको भीडमा अन्धाधुन्ध गोली चलाएर रक्तपातपूर्ण घटना घटाए ।

सो घटनापछि मजदुरहरूको गिरफ्तारी गरियो र मजदुर आन्दोलनको विरुद्ध व्यापक अभियान चलाइयो । सिकागोका धेरैजना मजदुर नेताहरू समातिए । ती मध्ये प्रमुख नेताहरूमाथि मुद्दा चलाइयो । उनीहरूमाथि हत्याको अभियोग लगाएर घोर मजदुर विरोधी न्यायधीस रहेको अदालत गठन गरी सो मुद्दाको फैसला गर्न लगाइयो । उक्त अदालतबाट सातजनालाई फाँसीको सजाय र एकजनालाई १५ वर्ष कैदको सजाय गर्ने फैसला गरियो ।

उपरोक्त मुद्दा चलेको बेलामा मजदुर नेताहरूले जुन प्रकारको अपार साहस र प्रतिष्ठायुक्त अडानको प्रदर्शन गरे त्यसमा सर्वहारावर्गमा निहित क्रान्तिकारी गुणहरू अभिव्यक्त भए । उनीहरूले आफूमाथि लगाइएको अभियोगको फट्याइको पर्दाफास गर्नुका साथै प्रतिक्रियावादी सरकारद्धारा गरिएको रक्तपातपूर्ण दमनको तीब्र रोषका साथ निन्दा गरे । मजदुर नेताहरूले वीरतापूर्ण आफ्नो जीवनको आहुती दिए । पार्सन्स नाम गरेका एकजना मजदुर नेता, जो गिरफ्तार हुनबाट जोगिएका थिए, उनले आफै उपस्थित भएर आफ्ना कमरेडहरूको साथमा आफुलाई शहीद बनाए । त्यो सर्वहारा बलिदानी भावनाको एउटा गहकिलो अभिव्यक्ति थियो । फाँसीका सजाय पाएका स्पाइज नाम गरेका मजदुर नेताका आखिरी शब्दहरू यस प्रकारका थिए : 'यस्तो समयपनि आउने छ, जब हाम्रो मौनता हाम्रो शब्द भन्दाबढी स्पष्ट हुने छ ।'

अमेरिकाको सिकागो शहरको हे मार्केट चोकमा घटेको उक्त घटनाहरूले अमेरिकी मजदुरवर्गको राजनीतिक जागरणमा एउटा नयाँ चरणको संकेत गऱ्यो, जुनकुरा पछि गएर आमहत्याका शिकार भएका सिकागोका मजदुरहरूसित एक्यबद्धता जनाउन भएका सभाप्रदर्शनहरूबाट स्पष्ट भयो । त्यसका साथै सिकागोका बहादुर मजदुरहरूको उक्त गौरवशाली संघर्ष र सो संघर्षबाट उत्पन्न दुःखद घटना मई दिवसको लागि मूल प्रेरक तत्व र सो दिवस मनाउने परम्पराको स्रोत बन्यो ।

१८८९ जुलाई ४ तारिखका दिन पेरिसमा मजदुरहरूको अन्तर्राष्ट्रिय समाजवादी महाधिवेशन भयो, जसमा २० मुलुकका समाजवादी पार्टीहरूका ३९० जति प्रतिनिधिहरूले माग लिएका थिए । दोस्रो इन्टरनेशनल (अन्तर्राष्ट्रिय मजदुर संगठन)को उक्त पेरिस महाधिवेशनले आठ घण्टा कामको दिन, बाल श्रममा रोक, जातीय भेदभाव विना पुरुष र महिलाहरूको समान कामको लागि समान ज्याला, बिनारोकटोक मजदुर संघहरू बनाउने स्वतन्त्रता आदि मजदुरवर्गका हितहरूसित सम्बन्धित महत्वपूर्ण मागहरू गर्नुका साथै एउटा अर्को महत्वपूर्ण प्रस्ताव पनि पारित गऱ्यो । उक्त प्रस्तावमा विश्वभरका मजदुरलाई कस्तो आव्हान गरियो भने १८८६ मई महिनामा भएको सिकागो सहरमा मजदुरहरूको साहसिलो संघर्ष र त्यसबाट उत्पन्न दुःखद घटनाको सम्झनामा १८९० मई १ तारिखलाई मजदुर जनताको अन्तर्राष्ट्रिय एक्यबद्धता दिवसको रूपमा मनाइयोस, सो दिन सबै मूलुकहरूमा मजदुरहरूले जुलुल प्रर्दशन र सभाहरू गरुन, आठ घण्टा कार्यदिनको कानुनी व्यवस्था होस र मजदुरवर्गको स्थितिमा तत्कालिन सुधारका लागि माथि उल्लेखित अन्य मागहरू पुरा गरियोस् भनी आवाज उठाउन प्रस्ताव निम्न प्रकारको थियो :

'महाधिवेशन एउटा ठुलो अन्तर्राष्ट्रिय प्रदर्शनको संगठन गर्ने फैसला गर्दछ, जसले गर्दा सबै देशहरूमा र सबै सहरहरूमा एक निश्चित दिनमा श्रमिक जनताले सरकारी आधिकारीहरूसँग के माग गरुन भने कामको समय कम गरेर आठ घण्टा कार्यदिनलाई कानुनी घोषणा गरियोस् । त्यसका साथै त्यसदिन उनीहरूले महाधिवेशनका अन्य फैसलाहरूलाई पनि लागु गरियोस् भनी माग पेश गरुन । अमेरिकी मजदुर महासंघले ९ब्भचष्अबलँभमभचबतष्यल ीबदयगच० १८८८ डिसेम्बरमा भएको आफ्नो अधिवेशनमा १८९० मई १ तारिखको दिनलाई त्यस्तो प्रदर्शन दिवसको रूपमा मनाउने फैसला गरेको छ । विभिन्न मुलुकहरूका मजदुरहरूले आफ्नो मुलुकको स्थितिअनुसार उक्त प्रदर्शनको निश्चित रूपले संगठन गरुन'

त्यसरी मई दिवस मनाउने परम्पराको शुभारम्भ भयो त्यसको शुभारम्भ गर्ने प्रस्तावको सर्वोपरि महत्वलाई इंगित गरी एन्जेल्सेल १८८९ अगस्ट २७ तारिखमा पौल लार्फाजलाई लेख्नु भएको पत्रमा भन्नु भयो । 'हाम्रो महाधिवेशनले हासिल गरेको सर्वोत्तम उपलब्धि त्यही थियो ।'




उक्त अन्तराष्ट्रिय समाजवादी महाधिवेशनको आव्हान अनुसार १८९० मई १ तारिखमा एकसाथ जुलुस प्रदर्शनहरको लागि तयारी हुन थाल्यो । उक्त दिन धेरैजसो युरोपेली मुलुकहरूका ठुलठुला सहरहरूका लाखौंलाख मजदुरहरू सडकमा उत्रै र अनेकौं सहरहरूका कारखानाहरूमा हड्ताल भए । स्पेन र बेलायतमा उक्त दिवस मई महिनाको पहिलो आइतबार मई ४ तारिखका दिन मनाइयो । (बेलायतमा अहिले पनि मईको पहिलो आइतबार मई दिवस मनाउने गरिन्छ ।) सो दिन भएका सबै प्रदर्शन र हड्तालहरूमा आठ घण्टा कामको दिनको मागलाई मुख्य मागको रूपमा उठाइयो । शासकवर्गको तर्फबाट एकसाथ भएका मजदुर कार्वाहीहरूलाई रोक्न भरमजदुर प्रयासहरू भए, अनेकौं स्थानहरूमा मजदूरहरू र सशस्त्र प्रहरीका बीच भिडन्तहरू भए । उदाहरणका लागि उत्तरी फ्रान्सको उपलक्षमा भएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीहरूले गोली चलाउँदा ५० जना जतिलाई गोली लाग्यो र तिनमा १० जनाको तत्काल मृत्यु भयो । तर कठोर प्रहरी दमन हुँदाहुँदै, मजदुरहरूले त्यसदिन मई दिवसको गौरवशाली परम्परालाई स्थापित गरेर अन्तराष्ट्रिय सर्वहारा एक्यबद्धता दर्साए ।

८९० मई १ तारिखमा मनाइएको अन्तर्राष्ट्रिय मजदुर दिवसको सम्बन्धमा एंजेल्सले सोही दिन लेख्नुभएको ' कम्युनिष्ट घोषणापत्र' को जर्मन संस्करणको भुमिकामा भन्नु भयो, 'सबैदेशका मजदुरहरू हो, एक होऊँ । चालीस वर्ष पहिले पेरिस क्रान्ति, जसमा सर्वहारावर्ग आफ्नै माग लिएर मैदानमा उत्रेका थिए-त्यसको पूर्वकालमा हामीले संसारका सामु यो नारा घन्काउँदा त्यसको प्रत्युत्तरमा कुनै आवाज सुनिएन तर सेप्टेम्बर २८, १८६४ मा धेरैजसो पश्चिम युरेपेली देशहरूका चीरस्मरणीय अन्तर्राष्ट्रिय मजदुर संगठनभित्र एकजुट भए । हो इन्टरनेशनल नौ वर्षसम्म मात्र बाँच्यो । तर त्यसद्धारा सिर्जित सबै देशका सर्वहाराहरूको अनन्त एकता पहिले भन्दा पनि दरिलो भएको छ । यो वर्तमान स्वयं यस कुराको जिउँदो साक्षी हो । किनभने, आज यी पँक्तिहरू लेख्न बस्दा १८६६ मा इन्टरनेशनलको जेनेभा अधिवेशनद्धारा र फेरी १८८९ पेरिस मजदुर महाधिवेशनद्धारा घोषणा गरिएको आठ घण्टा कामको दिनकौ कानुनी व्यवस्था गर्ने माग र उद्देश्य लिएर एउटै सेनाको रूपमा, एउटै झण्डामुनि संगठित भई युरोपीयाली र अमेरिकी सर्वहारावर्ग आफ्ना जुझारु शक्तिहरूको समीक्षा गर्दैछ । आजको समारोहले सारा देशका पूँजीवादी जमिन्दारहरूमा कुन तथ्य छर्लङ्ग्याई दिनेछ भने सबै देशहरका मजदुरहरू आज साँच्चिकै एकताबद्ध छन् ।'

त्यस ढंगबाट विश्व सर्वहारावर्गको एउटा परम्परा एउटा गौरवशाली लडाकु सर्वहारा परम्पराको थालनी भयो । १८९० पछिदेखि प्रत्येक वर्ष मई १ तारिखमा सबै मुलुकहरूमा एकसाथ मजदुर कारवाही गर्ने र अन्तर्राष्ट्रिय मजदुर एक्यबद्धता (एकताबद्ध अन्तराष्ट्रिय सर्वहारा कारवाही द्धारा) जनाउने विचार फैलिएर बलियो भयो । अनि जति वर्षहरू बित्दै गए, त्यति बढी मुलुकहरूमा एक न एक रूपमा मई दिवस मनाउने गरियो । आज संसारमा कुनै पनि त्यस्तो मुलुक छैन जहाँ कुनै रूपबाट मई दिवस शोषण तथा उत्पीडनको विरुद्ध, श्रमजीवी नजताको हकहित तथा मुक्तिको लागि स्वतन्त्रता, जनवाद, समाजवाद तथा प्रगतिका लागि संघर्षमा एकताको आव्हान हो । मई दिवस अन्तराष्ट्रिय सर्वहारा वर्गको एउटा जुझारु परम्परा बनेको छ र अन्तराष्ट्रिय मजदुर दिवसको रूपमा यो विश्व सर्वहारावर्ग र जनगणनाको एउटा पर्व रहेको छ ।

'सारमा कुनै पनि त्यस्तो मुलुक छैन जहाँ कुनै रूपबाट मई दिवस नमानाइएको होस् । विश्वमा श्रमिक जनताको लागि मई दिवस शोषण तथा उत्पीडनको विरुद्ध, श्रमजीवी जनताको हकहित तथा मुक्तिको लागि स्वतन्त्रता, जनवाद, समाजवाद तथा प्रगतिका लागि संघर्षमा एकताको आब्हान हो । मई दिवस अन्तर्राष्ट्रिय सर्वहारा वर्गको एउता जझारु परम्परा बनेको छ र अन्तर्राष्ट्रिय मजदूर दिवसको रूपमा यो विश्व सर्वहारावर्ग र जनगणनाको एउटा पर्व रहेको छ

# १२८औं अन्तर्राष्ट्रिय मई दिवसका सन्दर्भमा



दिनेश शर्मा

**१. विषय प्रवेशः**

पुँजीवादी वर्गको राज्यसत्ता तथा पुँजीपतिवर्गको शोषण, दमन, अन्याय र अत्याचारका विरुद्ध सर्वहारा श्रमिक वर्गले आफ्नो वर्गको अधिकारका निमित्त विश्वमा ठूला-ठूला संघर्षहरू गर्दै आएका छन् । विविध संघर्षहरू मध्ये चार्टिस्ट आन्दोलन, पेरिसको मजदुर विद्रोहद्वारा पुँजीवादी राज्यसत्ताको कब्जा, अमेरिकाको सिकागोको मजदुर विद्रोह, रुसको मजदुर विद्रोह र सत्ता कब्जा, चीनको चार मई आन्दोलन वास्तवमा युगौ युगसम्म प्रस्ताव पारिराख्ने आन्दोलनहरू हुन् । बेलायतको एउटा पाउरोटी कारखानाका मजदुरहरूले विश्वमा सबैभन्दा पहिले संगठित रूपमा उठान गरेको श्रमिक आन्दोलनले वास्तवमा यतिबेला मार्क्सवाद-लेनिनवाद-माओवाद जस्तो वैज्ञानिक सिद्धान्तको प्रतिपादन गर्नका लागि आधार तयार पार्ने मात्र होइन, वर्ग संघर्षका ठूला-ठूला आँधीवेरीसँग खेल्दै बन्दुकको बलमा टिकेको राज्यसत्तालाई ध्वस्त बनाएर जनताको जनवादी तथा समाजवादी राज्यसत्ता निर्माण र विकास गर्न समेत सफल रह्यो । विश्वमा यतिबेला पनि विविध तवरबाट लडाईं जारी छ । शासक वर्ग र शासित वर्गका वीचमा शोषक वर्ग र शोषित वर्गका बीचमा कहिले मन्द गतिमा त कहिले उत्कर्षका रूपमा सत्ताका लागि लडाई भैराखेको छन् । यतिबेलाको चर्चाको विषय भनेको आज भन्दा १३१ वर्ष अगाडि सन् १८८६ मई १ तारिखका दिनबाट अमेरिकाको सिकागो शहरमा कार्यगत मजदुहरूले आफ्नो वर्गको अधिकारका लागि जुनसुकै प्रकारको कुर्वानी गर्न परेपनि तयार भएर वर्ग संघर्षको उद्घोष गरेको दिनको हो । सिकागो शहरका श्रमिक वर्गको त्याग, वीरता, वलिदान र एकताबद्ध आन्दोलनले प्राप्त गरेको अधिकार आज पनि विश्वभरिका श्रमिक वर्गको निमित्त अत्यन्तै महत्वपूर्ण छन् । जसको स्मरण संघर्षको रूपमा गर्न वा मई १ लाई संघर्षको उत्सवका रूपमा मनाउन फेडरिक एगेल्सको उपस्थिति सन् १८८९ मा भएको अन्तर्राष्ट्रिय भेलाले गरेको निर्णय अनुरूप रहेक वर्ष सर्वहारा श्रमिक वर्गले मई १ लाई उत्सवका रूपमा विजयका रूपमा मनाउँदै आइरहेका छन् । यस वर्ष १२८ औं अन्तर्राष्ट्रिय मई दिवसका रूपमा मनाउन गैरहेका छन् ।

**२. मई आन्दोलनको आवश्यकता**

सामन्तवादी सत्ताको पतनसँगै पुँजीवादी सत्ताको उदय भै राखेको थियो । पुँजीवादी सत्तामा पुँजीपति वर्गको एकछत्र हाली मुहाली हुने नै भयो । चरम प्रकारको शोषणको कारण श्रमिक वर्ग एकपछि अर्को सर्वहारा वर्गमा परिणत हुदै गएको अवस्था थियो । शोषण र उत्पीडन मात्र होईन पुँजीपतिवर्ग र पुँजीवादी सत्ताको दमन यति चर्को थियो की वास्तवमा सर्वहारा श्रमिक वर्गको दैनिक जीवन अत्यन्तै कष्टकर थियो । कम भन्दा कम ज्यालामा दैनिक १६-१७ घण्टा सम्म कठीन प्रकारको श्रम गर्न श्रमिकहरू वाध्य थिए । एउटै क्वाटरमा सयौको सख्यामा बसोवार गर्नु पर्ने बाध्यताले फोहोर र साँघुरोका कारण रोग लाग्ने र उपचारको अभावमा मृत्युको मुखमा पुग्ने जस्ता समस्या दैनिक रूपमा झेल्न मजदुरहरू वाध्य थिए । शिक्षा हासिल गर्न जस्तो मौलिक अधिकारबाट मजदुरवर्गका छोरा-छोरीलाई पूर्णरूपमा वञ्चीत गराएका थिए । शरिरले आरा मगर्न पाउनु पर्ने शरीरिक आवश्यकताबाट समेत वञ्चित बन्नु परेको अवस्था थियो । यसबाट कसरी मुक्ति प्राप्त गर्ने भन्ने विषयमा श्रमिक वर्गका विचमा एक आपसमा सामान्य ढङ्गबाट छलफल नभएका होइनन् । साना-साना आन्दोलनहरू पनि नभएका होइनन् तर ती आन्दोलनहरूमाथि पुँजीपति वर्गको दमनका कारण श्रमिकहरूले श्रमबाट नै हात धुन पर्ने अवस्था मात्र होइन हत्या गर्ने सम्मका कामहरू खुलेआम रूपमा हुने गर्दथे । यसरी हेर्दा श्रमिक वर्गको जीवन अत्यन्तै कष्ठकर थियो ।

सन् १८४८ मा कम्युनिष्ट घोषणा पत्र प्रकाशित भए पछि १८६४ मा गठन भएको पहिलो अन्तर्राष्ट्रिय कमिटीको गठनले अन्तर्राष्ट्रिय स्तरमा सर्वहारा वर्गमा परेको सकारात्मक प्रभाव, सन् १८७१ मा पेरिसका मजदुरहरूले गरेको विद्रोहले गरेको सत्ता कब्जा र कम्युनको गठन जस्ता महत्वपूर्ण कार्यहरूले विश्वभरिका मजदुरहरूलाई उत्साहित मात्र होइन आँट र हिम्मत पलाइ रहेको थियो । संगठीत रूपमा लड्ने सहास पैदा हुदै गएको थियो । ठीक यही अवस्थामा अमेरिकीको सिकागो शहरका मजदुरुहरूले १८८४ देखि नै संघर्षका निमित्त आफ्नो मागहरूलाई शुत्रवद्ध गर्दै थिए । कारखाना स्तरमा कतिपय संघर्ष चलाउदै पनि आएका थिए । एकताबद्ध भएर गरिएका कतिपय संघर्षहरूले मागहरू पुरा गर्न पूँजीपति वर्गलाई वाध्य पारेता पनि कयौं स्थानहरूमा मजदुरलाई कामबाट नै हात धुन वाध्य पारेका थिए । वर्ग संघर्षको यही उतारचढाबका विचबाट सिकागो शहरका मजदुरहरूले एउटा अठोटका साथ आफ्ना मागहरूलार्य आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन जस्ता अत्यन्तै महत्वपूर्ण र दुरगामी प्रभावपार्न सक्ने तीनवटा शुत्रमा शस्लेषण गर्न पुगे । जुन माग आम श्रमिक वर्गको मनछुने एउटा मुटुको धड्कन बन्न पुग्यो । उहाँहरूले सन् १८८६ मई १ तारिखबाट उक्त माग पुरा गराउन आम हड्तालको आयोजना गर्ने भन्ने निर्णय सार्वजनिक गरियो । उक्त मागको पक्षमा व्यापक मजदुरहरू गोलबद्ध हुन पुगे ।

पुँजीपति वर्ग तथा पुँजीवादी सत्ता मजदुर वर्गको एकता आन्दोलनप्रतिको निष्ठा देखेर भए भित र आतंकित बन्न पुग्यो । मजदुरहरूलाई दमन गर्न विविध प्रकारका योजना बनाउन थाल्यो । सबैभन्दा पहिले वुर्जुवा प्रचार सामाग्री मार्फत् 'कम्युनिष्ट आतंककारीहरूलाई गोली, मजदुर नेताहरूलाई डोरी' भन्ने जस्ता समाचारहरू व्यापक मात्रामा प्रचार गर्न लगाइयो । प्रचार शैलीको ढाँचा हेर्दा पहिलो कुरा आन्दोलन अगाडि बढाउनबाट आतंकित बनाएर पछि हटाउने र दोस्रो कुरा आन्दोलन अगाडि बढेमा व्यापक दमन मार्फत् वर्गसंघर्षलाई समाप्त बनाउने । वुर्जुवा पत्र-पत्रिकाहरूको प्रचार होस् या पुँजीपति वर्गको शोषण, दमन र आतंक, सर्वहारा मजदुर वर्ग कतिपनि आतंक र विचलित भएनन् । बरु सबै प्रकारका चुनौतिको सामना गर्दै अगाडि बढ्ने स्पातिला बन्दै गए । आफ्ना घोषित माग पुरा गराउन एक साथ आन्दोलनमा उत्रने आँट र हिम्मत गर्दै थिए ।

सन् १८८६ मई १ का दिन सिकागो शहरका कारखानामा कार्यरत सबै मजदुरहरू सडकमा उत्रिए । जसका कारण अमेरिकी सिकागो शहर मजदुरहरूको व्यापक उपस्थितिले विशाल जुलुश प्रदर्शन गऱ्यो । त्यसको असर अमेरिकाको अन्य राज्य अथवा शहरमा कार्यरत मजदुरहरूलाई पनि प्रभाव पाऱ्यो र मई २ र ३ तारिखमा व्यापक वृद्धि भयो । सिगो अमेरिका ठप्प भयो, पुँजीपति वर्ग तथा पुँजीवादी सत्ता मजदुरहरूलाई धम्क्याउन पुँजीवादी पत्रिका मार्फत् काम नआउने मजदुरको निष्काशन गर्ने धम्कीदेखि आफ्ना जासुसहरूलाई परिचालन गरेर आन्दोलनलाई भड्काउने र दमन गर्ने वातावरणको खोजीमा थियो । ३ तारिखका दिन सिकागो शहरको हेमाकेर्टमा मजदूरहरूले आयोजना गरेको सभा भैरहँदा पुँजीवादी शासकका जासुसहरूले एउटा बम पड्काए । बमको छर्राले लागेर केही प्रहरीहरू र मजदूरहरू मारिए, केही घाइते भए । ४ तारिखका दिन सोही ठाउँमा भएको विरोध सभामा सत्ताले आक्रमण गऱ्यो । १६ जना मजदुर नेताहरूलाई गिरफ्तार गऱ्यो र केहीलाई आजीवन जेल, चार जना मजदूर नेतालाई फासिको सजाय सुनाएर झुण्डाएर हत्या गऱ्यो । अमेरिकी पुँजीवादी सत्ताले सर्वहारा मजदूर वर्गको न्यायपूर्ण आवाजलाई दमन र हत्याद्वद्धारा समाप्त गर्न चाहन्थ्यो तर दमन र हत्याको बदलामा न्यायपूर्ण आन्दोलनका पक्षमा अमेरिका मात्र होईन, विश्वका अन्य देशका मजदूरहरूले समेत आन्दोलनलाई विस्तार गर्दै लगे । जसका कारण अमेरिकी सत्ता आठ घण्टा कार्यदिन लागु गर्न बाध्य भयो ।

अमेरिकाको सिकागो शहरका मजदूरहरूले उठाएको न्यायपूर्ण माग तथा साहासिक आन्दोलन र वलिदानबाट प्राप्त अधिकारको रक्षा र विकासका खातिर १८८९ मा एगेल्सको नेतृत्वमा भएको अन्तर्राष्ट्रिय सम्मेलनले मई १ का दिन हरेक वर्ष विश्वभरिका मजदूरहरूले आफ्नो काम रोकेर संघर्षका रूपमा मनाउन आब्हान गऱ्यो । सोही निर्णय अनुरूप विश्वका हरेक देशका मजदूरहरूले उत्सवका रूपमा मनाउदै छन् । मजदुर आन्दोलनको धक्काले प्राप्त गरेको आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको प्राप्त अधिकारको स्मरण गरीराको छ । फेरि पनि बुझ्न पर्ने विषय के हो भने मई आन्दोलनलाई स्मरण गर्नु, त्यसैको चर्चा गर्नु र मई आन्दोलनलाई निरन्तता दिनु भनेको आफ्नो वर्ग, वर्गीय पक्षधरता र वर्गीय मुक्तिका खातिर सर्वहारा वर्गलाई एकतावद्ध गर्नु, त्याग, वीरता र समर्पण भावका साथ वर्ग संघर्षलाई उत्कर्षमा पुऱ्याउनु हो । मई आन्दोलनको महत्व यसैमा छ ।

**३. नेपालमा मई दिवस**

युरोप र अमेरिका लगायतका मुलुकहरूमा चेतनाको विकास छिटो भएका कारण सामन्तवादका विरुद्धको संघर्ष घनिभूत तवरबाट अघि बढेको र पुँजीवादको विकास भयो । जसले गर्दा औद्योगिक मजदूरहरूको विकास भयो । दक्षिण एसिया आझ हाम्रो जस्तो देशमा लामो समयसम्म सामन्तवादी सत्ताले जरा गाडेर बस्यो । सामन्तवादलाई फालिसकेपछि पनि न त सत्ता सर्वहारा वर्गका हातमा गयो नत स्वतन्त्र तवरबाट अर्थतन्त्रको विकास गर्ने पुँजीवादीहरूको ...बाँकी ७ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# जातीय मुक्तिबारे केही भ्रमहरूको खण्डन

भ्रामक र झुठा प्रचारले गर्दा जातीय मुक्ति, राष्ट्रियता र संघीयता जस्ता जनताका एजेण्डाबारे धेरै भ्रम फैलिएको छ । कतिलाई त जातीय-भाषिक समानताको कुरा गर्नु नै जातीय द्वन्द निम्त्याउनु हो, एक भाषा एक भेष, एक संस्कृति लाद्नु नै राष्ट्रियता हो, संघीयता भनकै देश बिखण्डन हो, जस्तो भ्रम परिसकेको छ । अझ कम्युनिष्टले त वर्गीय कुरा पो गर्ने हो, जातीय कुरा गर्ने नै होइन नि भन्ने ठूलो भ्रम पनि व्यापक छ ।

तर खासमा कुरा त्यस्तो होइन । जातीय समस्या वर्गीय समस्याकै एउटा पाटो हो । उत्पीडित जाति उत्पीडित वर्ग कै उपज हो । फेरि मानिसले मानिसलाई गर्ने सवै प्रकारको शोषणको विरोध गर्नु मानवीय कर्तव्य पनि हो । नेपालको सामन्तवाद युरोपको जस्तो परम्परागत सामन्तवाद होइन । नेपालको सामन्ती सत्ताले वर्गीय शोषणको साथसाथै भाषिक-जातीय-साँस्कृतिक र धर्मको नाममा समेत शोषण गरेको छ र गर्दैछ । वि.सं. १८२६ देखि एउटा भाषा-धर्म-जाति-संस्कृतिको आडमा अन्य भाषा-धर्म-जाति-संस्कृतिलाई अन्याय, अत्याचार, शोषण, उत्पीडन र दमन गऱ्यो र गर्दैछ । त्यसैले यहाँको सामन्तवादलाई अन्त्य गर्ने हो भने परम्परागत ढंगले मात्र सामन्तवादको अन्त्य गरेर पुग्दैन, २४७ वर्षदेखि भाषा, जाति, संस्कृति र धर्मको नाममा भइराखेको शोषणको पनि अन्त्य गर्नु अनिवार्य छ ।

स्पष्ट कुरा के हो भने, शोषणमा आधारित अन्य समाजमा जस्तै नेपाली समाजमा पनि धेरै प्रकारमा शोषण र उत्पीडन बिद्यमान छन् । अहिले नेपालमा धनीले गरिबलाई गर्ने वर्गीय शोषण, शहर(सुगम)ले गाउँ (दुर्गम)लाई गर्ने क्षेत्रीय शोषण, एउटै शासक भाषा, जाति, सस्कृतिले अरु भाषा-जाति, संस्कृतिलाई गर्ने जातीय शोषण, हिन्दू वर्ण व्यवस्थाले निम्त्याएको कथित तल्लो जात माथिको शोषण, महिलालाई पुरुषले गर्ने लैङ्गिक शोषण छ । र, यति धेरै शोषणमध्ये संघीयता क्षेत्रीय र जातीय शोषण अन्त गर्नको लागि ल्याइएको हो । पहिचान, पहुँच, प्रतिनिधित्व, सामाजिक न्याय स्थापित गरी सबैलाई मूलधारमा ल्याई द्रुत विकास गर्न जातीय मुक्ति आवश्यक भएको हो ।

जातीय मुक्ति, राष्ट्रियता र संघीयताजस्ता एजेण्डा देश बिखण्डन गर्न ल्याइएका वा विदेशीले गर्दा उठाइएका वा हचुवाको भरमा बनाइएका अनावश्यक विषय होइनन् । यी त ठोस परिस्थितिको ठोस विश्लेषणसहित अत्यन्त सुविचारित ढंगले ल्याइएका जनताका पवित्र (genuine) एजेण्डा हुन् । देशमा विद्यमान अन्याय, अत्याचार अन्त्य गर्न तथा सवै जनतालाई समान अधिकार दिई सबै भाषा-धर्म-जाति-संस्कृतिबीच वास्तविक एकता कायम गर्न, सबैलाई मूलधारमा ल्याई देशको द्रूत विकास गर्न तथा विभेदको अन्त्य गरी न्याय, समानतामा आधारित शोषणरहित समाज निर्माण गर्न ल्याइएका जनपक्षिय एजेण्डा हुन् ।

विचार भनेको सही दिनु पर्छ । विचारमा विष छर्नु महापाप हो । लेनिनको पालामा रुसमा 'प्राब्धा' पत्रिका एक दिन मात्र पढिएन भने पनि दिमागमा बुर्जुवा गलत विचार छिर्छ भनिन्थ्यो । यहाँ पनि सही विचारको अभावमा धेरै भ्रम फैलिएको छ । त्यसैले यहाँ जातीय मुक्तिबारे केही भ्रम र खोटा विचारहरूको खण्डन तथा सही विचार माथी प्रकास पार्ने प्रयास गरिएको छ ।

(१) **महान गुरु मार्क्स, लेनिन र माओले पनि जातीय उत्पीडनको विरुद्ध बोल्नु भएको थियो ।**

मार्क्सले ईंग्लिश अहंकार र उत्पीडनविरुद्ध आइरिसहरूको पक्षमा बोल्नु भएको थियो । लेनिनले सरकारी कामकाजीको भाषा एउटै मात्र हुनुहुँदैन भन्नुभएको थियो । माओले त उत्पीडित जाति उत्पीडित वर्ग हो भन्नु भएको थियो । इतिहास हेऱ्यौ भने नि यो प्रमाणित हुन्छ, उत्पीडित जाति भनेको हारेको राज्यका बासिन्दा या राज्यको पहुँचबाट टाढा पारिएका वा धर्म-सस्कृतिका नाममा शोषणमा परेका जनता नै हुन् । माओले क्रान्तिकाल र क्रान्ति सकिएपछि नि ९६५ भएको हान जातिको अहंकारवादको कडारूपमा विरोध गर्नुभएको थियो । फेरि जातीय कुरा अहिलेको तत्कालको समस्याको समाधान मात्र हो । मुख्य त वर्गीय नै हो । ठोस परिस्थितिको ठोस विश्लेषण हो यो । कम्युनिष्टहरू अन्तर्राष्ट्रियवादी हुन्छन् तर जबसम्म दुइटा देश हुन्छन् तबसम्म देशभक्त पनि हुन्छ भनेजस्तै मानिस अन्तर्राष्ट्रिय जाति हुनेछ भन्ने त कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय गीतमै भनिएको छ, तर सबसम्म जातीय समानता हुँदैन्, तबसम्म जातीय मुक्तिको लागि लड्छन् । जबसम्म दुइटा देश हुन्छ, दुइटा स्वार्थ हुन्छ । एउटाले अर्कोलाई शोषण हुन नदिन देशभक्ति चाहिन्छ । जातीय, क्षेत्रीय, लैङ्गिक कुरा यस्तै हो । समान नभएसम्मलाई हो । सबै बराबर नभएसम्मलाई हो ।

(२) महेन्द्रको राष्ट्रवाद : आफ्नो विकास गर्न अरुलाई मार्नै पर्छ भन्ने गलत सोच

महेन्द्रले देश विकासका केही काम गरे पनि आफ्नो भाषा-संस्कृति चलाउन, विकास गर्न अरुलाई मार्नैपर्छ भन्ने भावनावाट काम गरे, जुन गलत छ । आफ्नो विकास गर्न अरुलाई मार्नैपर्छ भन्ने होइन, अरुलाई नमारिकन पनि आफ्नो विकास गर्न सकिन्छ । अरुलाई पनि विकास गर्न लगाउँदा झन् आफूप्रति सम्मान बढ्छ, झन् मायाले खस नेपाली भाषा अँगाल्छ, विकास हुन्छ ।


श्रीकृष्ण सुलु

**मानिसको अन्तर्राष्ट्रिय जाति बनाउनको लागि सबै जाति समान हुनुपर्छ । सबै जातिलाई सैद्धान्तिक र व्यवहारिक रूपमा समानता नल्याई एक अर्का बीच जीवन व्यवहार वा भावनात्मक एकता हुन सक्दैन । सबै जाति समान बनाउन उत्पीडित जातिलाई अधिकार सम्पन्न बनाउन पर्छ । यो भनेको राज्यविहीन विश्व बनाउन उत्पीडित वर्गले राज्यसत्ता लिनुपर्छ भनेझै हो ।**
**अहिले राष्ट्रियताको कुरा आयो कि मधेशीलाई हेपिन्छ । र मधेशीलाई हेप्नुलाई ठूलो बहादुरी सम्झने पनि धेरै छन् तर यो बहादुरी कसको पक्षमा हो त ? न्याय कि अन्याय ? ठीकको पक्षमा कि बेठीकको पक्षमा ? समान अधिकारको पक्षमा कि एकल जातीय अहंकारवादको पक्षमा ? गम्भीर भएर सोच्नु पर्छ । सानो लाई हेप्ने, कमजोरलाई दवाउने काम त सामन्ती प्रवृत्ती हो । यसले देशलाई र जनतालाई हित गर्दैन । फेरि सत्ताबाहेक सबै भ्रम हो भने जस्तै अधिकार र पहिचान बिना केही पनि नहुने भएकोले त्यस निम्ति संघर्ष गर्न आवश्यक छ । न्याय र समानताको पक्षमा उभिनु र समान अधिकार र समृद्धिका लागि एकजुट हुनु समयको माग हो ।**

(३) **चीन या भारतबाट सिकौं**

मानिसहरू चीनमा संघीयता छैन भन्छन् । कुरा त्यस्तो होइन । मुख्य कुरा भाषा, जाति, संस्कृति र जनतालाई अधिकार छ कि छैन, समानता छ कि छैन भन्ने हो । चीनमा जातीय पहिचानका आधारमा प्रान्तहरू दिइएका छन् । अग्राधिकार दिइएको छ ।

चीनमा धेरै (५)वटा स्वशाषित क्षेत्रहरू छन्, तिब्बत, इनर मंगोलिया, गुअकंसी इत्यादि स्वशाषित क्षेत्रको प्रमुख त्यही क्षेत्र र जातिको हुनुपर्छ । भाषा (संस्कृति-जातिको समान अधिकार छ । ४५ मात्र भएको जातिलाई नि २०५ को अधिकार दिइएको छ । चीनमा राजतन्त्रको बेला धेरैले आफ्नो भाषा संस्कृति नै बिर्सिसकेका थिए, दमनले गर्दा । माओले क्रान्तिपछि त्यो फेरि पुनर्जागृत गर्नुभयो । अग्राधिकार दिनुभयो । यो चिनियाँ मोडलको जातीय मुक्ति हो ।

भारतमा पनि नागाल्यान्ड, तामिलनाडु, गुजरात, पन्जाब आदि प्रदेश, राज्य या क्षेत्रहरू जातीय पहिचानकै आधारमा दिइएका छन् । तर पनि देश टुक्रिएको छैन । सिक्किमको जनसंख्या ६,०७,६८८ र क्षेत्रफल ७,०९६ वर्ग किमी मात्र छ तर त्यहाँ ११ वटा सरकारी कामकाजको भाषा छन्, जबकि नेपालमा जनसंख्या लगभग ३ करोड र क्षेत्रफल १,४७,१४१ वर्ग किमी छ, तर सरकारी कामकाजको भाषा १ वटा मात्र छ । भारतमा खस नेपाली भाषी ०.२८ ५ मात्र छ तर नि सरकारी कामकाजी मान्यता छ । सिक्किममा सिक्किमका जनताले बाहेक अरुले जग्गा किन्न पाउँदैन, राम्रो कुरा हामीले सबैतिबाट सिक्नु पर्छ ।

(४) **वर्गीय समस्या समाधान नभएसम्म सासै नफेरेर बस्ने पनि होइन**

कतिपय कम्युनिष्ट नामाधरीहरू वर्गीय समस्या समाधान नभएसम्म सासै नफेरेर बस्ने जस्तो कुरा गर्छन् । यो ठीक कुरा होइन । कम्युनिष्टले त झन् ठोस परिस्थितिको ठोस विश्लेषण गर्न जान्नु पर्छ । अहिलेको तात्कालिक अन्तर्विरोध भनेको जातीय अन्तर्वोरोध पनि हो । जाति-भाषा-संस्कृतिको समाधान अहिल्यै गरिएन भने पछि झन् विकराल रूप लिने, द्वन्द्व बढ्ने र जाति-भाषा-संस्कृति लोप हुनेसमेत खतरा छ । त्यसैले अहिले नै समाधान गर्नु पर्छ ।

आरक्षण या विशेष अधिकारको कुरामा नि भ्रम हुनु हुँदैन । लिनेले पनि यो अनन्तकालसम्म पाइराख्ने हो र दिनेले नि यो अनन्तकालसम्म दिइराख्नुपर्ने सोच्नु हुँदैन । यो केही समयको लागि, विकास नहुन्जेलसम्मलाई मात्र हो ।

(५) **प्रश्न एकातिर उत्तर अर्कोतिर : जातीय राज्य न कसैको माग हो न त आवश्यकता नै**

तपाईंले पसलमा गएर 'मलाई शुद्ध दूध एक गिलास दिनुस्' भन्नु भयो र पसलेले हरेक पल्ट 'रक्सी दिन्न, रक्सी खायो भने त अमल लाग्छ' भनेर जवाफ दिए भने तपाईंलाई कस्तो लाग्छ ? अझै यसले त दिउँसै रक्सी माग्दो रैछ, नदिए मलाई पो मार्छु भन्दो रैछ' भनेर तपाईंलाई गालीगलौज गरे, बेइज्जति गरे या कुटपिट गरे भने तपाईलाई कस्तो लाग्छ ? यो घटनालाई कसरी बुझ्ने ? यसको अर्थ हो पसले तपाईप्रति पूर्वाग्रही र बदनियतपूर्ण छ । ऊ तपाईको स्वास्थ्यप्रति चिन्तित होइन कि तपाईको नराम्रो गर्न या बेइज्जत गर्न चाहन्छ । समान अधिकारको माग गर्दा जातीय राज्य माग्यो र जातीय राज्यले देश टुक्रिन्छ भन्नु पनि यस्तै कुरा हो ।

(६) **समान अधिकार दिने हो कसैको खोस्ने होइन**

यहाँ जातीय अधिकारको कुरा गर्दा एउटै जातिले मात्र शासन गर्ने कुप्रचार पनि गरिन्छ । तर सत्य कुरा यो होइन खसको या कसैको अधिकार खोसौं या शोषण गरौ भनेको होइन्, सबैलाई अधिकार देऔं भनेको मात्र हो ।

(७) **उत्पीडित जाती उत्पीडित वर्ग**

वास्तवमा उत्पीडित जाति उत्पीडित वर्ग हो भन्ने कुरा त राजनीतिक 'दिस्कोर्स्' मात्र होइन तथ्यांकले पनि प्रस्ट पार्छ । सरकारी तथ्यांकलाई आधार माने हो भने पनि लगभग बाहुन ३०५, क्षेत्री ४०५ जनजाति ६०५ दलित ७०५ गरिब देखिन्छ । एउटा बाहुन जातिकै गरिब अरु भाषा जातिको मान्छे अझ बढी अझ एक तह बढी शोषणमा हुन्छ किनभने उसको भाषा चल्दैन स्कुल, कलेज, ज्ञान प्राप्तिमा, सरकारी कामकाजमा, जाँचपरीक्षामा ।

(८) **विदेशी पनि बाहुनवादकै पक्षमा र उत्पीडित जनताको पक्षमा उभिनु आफैमा महा**

बिदेशी शक्तिले नि उत्पीडित जनताको पक्ष लिंदैन, बाहुनवादकै पक्ष लिन्छ । किनभने सत्तामा जो छ उसले मात्र बिदेशीलाई केही दिन सक्छ, प्राकृतिक स्रोत साधन 'सहयोग' गर्न सक्छ । त्यसैले असलमा विदेशीहरू उत्पीडित जनताको बिरुद्ध नै हुन्छ । केही मोलमोलाइको लागि मात्र उत्पीडितको पक्ष लिएजस्तो नाटक गर्छ । त्यसैले उत्पीडित जनताको पक्षमा उभिन्नु आफैमा महान् र कष्टसाध्य काम हो ।

(९) **आधुनिक जुदास (आत्मघाती)को विरोध गरौं**

दुःख त्यो बेला लाग्छ, जब जुदासले ३० वटा सिक्काको लोभमा आफ्नै गुरु क्राइष्टलाई धोका दिएर मार्न लगाएजस्तै, हामीमध्ये कतिले केही हजारको जागिरको लोभमा वा व्यक्तिगत लाभ वा शक्तिको भक्तिमा लागेर, आफ्नै सन्तति र जनतालाई धोका दिई आफ्नै भाषा जाति संस्कृति मार्ने अन्यायपूर्ण कामको समर्थन गर्न पुग्छन् । विभेदपूर्ण स्वरमा स्वर मिलाउन पुग्छन् । आफ्नै खुटामा बन्चरो हान्न पुग्छन् । आदिवासी जनजाति भएर नि आदिवासी जनजातिलाई समान अधिकारसमेत दिनु हुन्न भन्छन् । जनजाति भएर पनि जनजातिको भावना नभएका नयाँ जुदासलाई चिन्ने र दुधमा परेको झिँगालाई झै फाल्ने समय आएको छ ।

(१०) **कुनै जातिवादी कुरा होइन, आत्मसम्मन र उत्थानको कुरा हो**

कुनै जातिवादी कुरा होइन्, आफ्नो अधिकारको कुरा हो, आत्मसम्मान र उत्थानको कुरा हो । सामन्ती चरित्रको विरोधको कुरा हो । मानवताको विजयको कुरा हो ।

(११) खस भाषा बाहेकको भाषा-संस्कृतिको अस्तित्व अस्वीकर गर्दा समस्या भन्ने बेलामा बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक देश भन्ने, तर गर्ने बेलामा एक भाषिक, एक जातीय, एक सांस्कृतिक देशको जस्तो व्यवहार र खस भाषाबाहेकको भाषा-संस्कृतिको अस्तित्व अस्वीकर गर्दा समस्या भएको हो । असलमा जातीय राज्य भनेको यही हो ।

(१२) **विभेदकारीहरूकै अतिवादी पेलान र उत्पीडनले देश बिखण्डनको खतरा**

जातीय समानाताले देश बिखण्डनको जति हल्ला चलाए पनि वास्तवमा देश बिखण्डन हुन्छ भने विभेदकारीहरूकै अतिवादी पेलान र उत्पीडनले हुन्छ । देश बिखण्डन गर्ने कसैको चाहना पनि होइन, आवश्यकता पनि होइन । यो कसैको हितमा पनि छैन । तर यहाँ धमिलो पानीमा माछा मार्न चाहनेहरू धेरै छन् । भ्रमको सिर्जना गरेर र धुँवादार प्रचाबाजी गरेर अनेक भ्रमजाल छर्न सकिन्छ कि भन्ने षड्यन्त्रकारीहरू नि धेरै छन । बललाई जति जोडले भुइँमा फाल्छौ, बल त्यति नै जोडले माथि उफ्रन्छ, भने जस्तै विभेदले विद्रोह मात्रै निम्त्याउँछ, विद्रोहले विभाजन निम्त्याउँछ ।

(१३) **जातीय कुरा नगर भन्नु पनि जातीय राजनीति**

जातीयताकै भऱ्याङ चढेर स्रोतसाधन हात पारेकाहरू नै जातीय कुरा गर्न हुन्न भन्छन् । उही अमेरिकाले अरुलाई अणु बम नबना भने जस्तै । जातीय कुरा नगर भन्नेहरूकै विश्लेषण गर्ने हो भने ऊ आफै आज जुन स्थानमा छ त्यो जातीयताकै भऱ्याङका कारण हुन्छ, अरुलाई धर्मको नाममा, शक्तिको आडमा अरुलाई तल्लो भनेर, होच्याएर, ठगेर आएको हुन्छ । उसको सन्तानले नि गर्ने त्यही हो । त्यही भएर जातीय कुरा नगर भन्छ । राजनीति गर्नु हुन्न भन्नु पनि राजनीती हो भने जस्तै हो यो ।

(१४) **सबै प्रकारको अतिवादको विरोध गरौँ**

मोदीको हिन्दू अतिवाद, ट्रम्पको गोरा अतिवाद र ओलीको बाहुनवादमा केही नि फरक छैन । सबैको सुरुवात या आधार समान्तवाद हो । सबैको गन्तव्य हिटलरको फासीवाद हो । सबै प्रकारको अतिवादीहरू अरुलाई मान्छे नगन्ने, भित्ता पुऱ्याउने, आफ्नो भाषा, संस्कृति, जाति बचाउन, अरुलाई मार्नैपर्छ भन्ने खराब मानसिकताले ग्रसित मनोरोगी हुन् । न्यायप्रेमी सबैले यसको विरोध गर्नु पर्छ ।

(१५) **भाषा-संस्कृति मर्ने होइन मारिने हो**

विश्वमा हप्तामा एउटा भाषा हुन्छ । भाषा-संस्कृति त्यतिकै आफै मर्ने होइन बरु मारिने हो । शासक वा किल्लर भाषा-जाति-संस्कृतिको शोषण, दमन, अत्याचारका कारण उत्पीडित भाषा-जाति-संस्कृति लोप हुने हो । अमेरिकाका नेटिभ रेड अमेरिकनदेखि अष्ट्रेलिया बसमन, न्युजिल्यान्डका मौरीसम्मका आदिवासीहरू मात्र होइन नेपालका आदिवासी जनजाति पनि यस्तै उत्पीडन र खतरामा छन् ।

(१६) **खस भाषा-संस्कृतिबाहेकका भाषा-संस्कृति अर्राष्ट्रिय ?**

नेपालमा बोलिने खस नेपाली बाहेकका भाषाबाट केही गरे साम्प्रदायिक वा अराष्ट्रिय भएको जस्तो सोच राखिन्छ, जुन गलत हो । विगत २४७ वर्षमा धेरै ठाउँको वास्तविक नाम लोप भई खसकारण भएको छ । एक भाषा, एक जाति, एक भेषको नेपालीकरणको डोजरले गर्दा थायमदु बांगेमुढा, इनागाल दुधपाटी, तःपुखु सिद्धपोखररी इनरे सूर्यबिनायक, चोमोलोङमा सगरमाथा, चरिघ्याङ्ग चरिकोट, छिरिङ्गमा गौरीशंकर, लापसाङ्ग कर्पो गणेश हिमाल, चाम त्रिशुली भेको छ । नेपालीकरणको डोजरले पेलेर 'विभिन्नतामा 'एकता'' ल्याउने काम पनि एक प्रकारको जाति हत्या नै हो ।

(१७) **विदेशी प्रभुको प्रिय बन्न बाहुन भन्दा बाहुनवादी हुने प्रतिस्पर्धा**

भारत, चीन, अमेरिका, युरोप सबैले नेपालमा न्याय छ कि छैन, समानता छ कि छैन भनेर हेर्दैनन् । तिनीहरूलाई त आफ्नो स्वार्थ कसरी पूरा हुन्छ ? त्यो स्वार्थ पूरा गर्न कसले भूमिका खेल्न सक्छ ? कसले सहयोग गर्न सक्छ ? मात्र चासो हुन्छ । त्यसैले यहाँको राजनीतिक सत्ताको केन्द्रमा को छ मात्र चासो हुन्छ । यहाँ सत्तामा बाहुन-क्षेत्री छ, बाहुनवादी हाबी छ भने बिदेशी शक्तिले नि बाहुनवादकै पक्ष लिन्छ । यसैले विदेशी शक्तिको प्यारो बन्न पनि राजाभन्दा राजावादी बन्ने भनेझै बाहुनभन्दा बाहुनवादी हुने प्रतिस्पर्धा नै चलेको छ ।

(१८) **सबै जातिलाई मुक्ति दिन सकिन्छ**

सामर्थ्यको अतिरंजित गरी कुरा उठाउनेहरूले नै फेरि सबै १०८ जातिलाई राज्य दिन पऱ्यो भनी अर्को अतिवादी कुरा गर्छन् । सबै जातिलाई राज्य न आवश्यक छ न यो माग नै हो । सबै जातिलाई राज्य होइन मुक्ति र समानता दिन सकिन्छ । राज्य बनाउन आकार र संख्या नभएका जातिलाई स्वशासित क्षेत्र, इलाका बनाएर अधिकार सम्पन्न बनाउन सकिन्छ । एउटा जातीय राज्यभित्र वाहुल्यता अनुसार अर्को जातिको स्वशासित क्षेत्र, इलाका बनाएर अधिकार सम्पन्न बनाउन सकिन्छ ।जस्तैः नेवाः राज्यभित्र पनि कुनै ठाउँमा तामाङहरूको बाहुल्य वस्ती छ भने त्यसलाई नेवाः राज्य अन्तर्गत तामाङ स्वशासित क्षेत्र वा इलाका बनाएर अधिकार दिन सकिन्छ ।

(१९) **मनिस अन्तर्राष्ट्रिय जाति हुनेछ**

मानिसको अन्तर्राष्ट्रिय जाति बनाउनको लागि सबै जाति समान हुनुपर्छ । सबै जातिलाई सैद्धान्तिक र व्यवहारिक रूपमा समानता नल्याई एक अर्का बीच जीवन व्यवहार वा भावनात्मक एकता हुन सक्दैन । सबै जाति समान बनाउन उत्पीडित जातिलाई अधिकार सम्पन्न बनाउन पर्छ । यो भनेको राज्यविहीन विश्व बनाउन उत्पीडित वर्गले राज्यसत्ता लिनुपर्छ भनेझै हो ।

अहिले राष्ट्रियताको कुरा आयो कि मधेशीलाई हेपिन्छ । र मधेशीलाई हेप्नुलाई ठूलो बहादुरी सम्झने पनि धेरै छन् तर यो बहादुरी कसको पक्षमा हो त ? न्याय कि अन्याय ? ठीकको पक्षमा कि बेठीकको पक्षमा ? समान अधिकारको पक्षमा कि एकल जातीय अहंकारवादको पक्षमा ? गम्भीर भएर सोच्नु पर्छ । सानो लाई हेप्ने, कमजोरलाई दवाउने काम त सामन्ती प्रवृत्ती हो । यसले देशलाई र जनतालाई हित गर्दैन । फेरि सत्ताबाहेक सबै भ्रम हो भने जस्तै अधिकार र पहिचान बिना केही पनि नहुने भएकोले त्यस निम्ति संघर्ष गर्न आवश्यक छ । न्याय र समानताको पक्षमा उभिनु र समान अधिकार र समृद्धिका लागि एकजुट हुनु समयको माग हो ।

# अक्टोबर क्रान्तिको शतवार्षिकी सन्दर्भमा

**१) भूमिका**

रुसमा सन १९१७ अक्टोबरमा पूँजीवादी दुनियालाई स्तब्ध पार्दै महान वैज्ञानिक समाजवादी क्रान्ति सफल भएको थियो । श्रमिक वर्गले इतिहासमा पहिलो पटक शोषण, दमन र विभेद हटाउने राज्य प्राप्त गर्‍यो । उक्त युगान्तकारी राजनैतिक क्रान्तिले यतिवेला १०० वर्ष पार गरेको छ । यी सय वर्षमा वैज्ञानिक समाजवादले गौंरबपूर्ण सफलता र पीडादायी असफलता वेहोरेको छ । हामी यीनै क्रान्तिका विशिष्ट अनुभव सहित अक्टोवर क्रान्तिको शतवार्षिकी कार्यक्रममा सहभागी भइरहेका छौं । २१औं सताब्दीमा हामी कम्युनिष्टहरूको काधँमा त्यस्तै गह्रुङ्गो कार्यभार छ जुन कार्यभार १९औं शताब्दीमा मार्क्स र २०औं शताब्दीमा लेनिन, माओको काँधमा थियो । हामी पुरै दावीका साथ भन्न सक्छौं वैज्ञानिक समाजवाद नै मानवजातिलाई शान्ति र संमृद्धिको दुनियाँमा पुगाउँने उत्कृष्ट सभ्यता हो ।

**२) अक्टोवर क्रान्तिको सफलता**

महान अक्टोबर क्रान्ति सन १९१७अक्टोवर २५मा युरोपको पछ्यौटे तर शक्तिशाली साम्राज्यवादी मुलुक रुसमा सम्पन्न भयो । त्यस वेला रुस तिव्रतामा पूँजीवादीकरण भइरहेको तर जार संम्राट निकोलस रोमानोभ र केरेन्स्कीहरूको शासन चलिरहेको थियो । श्रमिक वर्गको नेतृत्वमा मजदूर आए पनि किसानहरूको संख्या निकै ठूलो थियो । यी दुवै वर्ग सत्ताबाट उत्पीडि थिए । पहिलो विश्व युद्धको मारले राष्ट्रिय सेना पनि असन्तुष्ट थियो । राज्यमा जार कालिन साम्राज्य र संसदीय व्यवस्थालाई नै सर्वशक्तिमान मानिन्थ्यो । उनीहरूको सत्ताको विरोध गर्नु भनेको भगवान र सभ्यता कै विरोध गर्नु हो भन्ने भ्रम थियो । त्यसैगरी रुसी राजनैतिक आन्दोलनमा काल्पनिक समाजवादी, संशोधनवादी, सुधारवादी, अर्थवादी, अराजकतावादी धारा पनि थिए । उनीहरूलाई प्रतिक्रियावादी सत्तालाई श्रमिक वर्गको तागतद्वारा आमूल पविर्तन गर्न सकिन्छ भन्ने विश्वास थिएन् । परन्तु महान लेनिनको नेतृत्वमा रहेको रुसी कम्युनिष्ट पार्टी (वोल्सेभिक)को अगुवाई र मजदूर, किसान, सेनाको सयुक्त तागतमा हजारौं वर्ष देखि शासन जामाउँदै आएका जार, पोप, मालिक र सामन्तहरूलाई गद्दिबाट पछार्दै, कल्पनावादी, संशोधनवादी, सुधारवादी, अराजकतावादी, अर्थवादीहरूलाई विज्ञानको धर्तीमा ओरालृदै वैज्ञानिक समाजवादी क्रान्ति सफल भयो । यो क्रान्तिले नै हजारौं वर्ष देखि मालिक र सामन्तहरूको शासन मुनि दविएका श्रमिक वर्गलाई राज्य सत्ता संचालकमा स्थापित गरिदियो । साथै मानव जातिलाइ मार्क्स, एङ्गेल्सले परिकल्पना गर्नु भएको वर्ग विहिन साम्यवाद तर्फ लैजान सकिन्छ भन्ने विश्वास दिलायो ।

**३) अक्टोवर समाजवादी क्रान्तिको महत्व र प्रभाव**

वैज्ञानिक मसाजवाद नयाँ र क्रान्तिकारी विचार थियो । यसले आध्यात्मवादको सट्टा भौतिकवाद, मालिक वर्गीय सत्ताको सट्टा श्रमिक वर्गीय सत्ता, अन्धराष्ट्रवादको सट्टा अन्तर्राष्ट्रवाद, सुधारको सट्टा क्रान्तिको विचार ल्याएको थियो । अक्टोवर क्रान्तिले यो विचारलाई सहि सावित गरिदियो । वैज्ञानिक समाजवाद स्थापना भए पछि मजदूर, किसान माथिको अमानवीय शोषण, उत्पीडन,दमन अन्त्य भयो । श्रमिकहरूले काम अनुसारको दाम पाउने भए, किसानहरूले जमिन पाए, महिलाहरूले पूरुष सरह आर्थिक र राजनैतिक अधिकार प्राप्त गरे, सवैले समान शिक्षा पाउने भए , राष्ट्रहरूले राज्यमा समान अधिकार पाए, धर्मलाई राज्यबाट अलग गरियो र विज्ञानमा जोड दिइयो । सारा मानव जाति वैज्ञानिक समाजवादको निमार्णमा दत्तचित्तले सहभागि वन्ने मौका पाए ।

वैज्ञानिक समाजवादको सफलताले विश्वमा थाम्नै नसक्ने लोकप्रियताको लहर पैदा गर्‍यो । युरोप, अमेरिका, एसिया, ल्याटिन अमेरिका र अफ्रिकाका कम्युनिष्टहरूमा उत्साह र आत्मविश्वास पैदा गर्‍यो । अन्धराष्ट्रवादमा विचलित दोस्रो अन्तराष्ट्र विघटन भयो । विश्वभरिका कम्युनिष्टहरूको प्रतिनिधित्वमा सन १९१९ मार्चमा तेस्रो अन्तराष्ट्रको निर्माण भयो । यसको प्रभाव सहित नेपालमा पनि सन १९४९ अप्रिल २२ मा कम्युनिष्ट पार्टीको स्थपना भयो । समाजवादको प्रभावले व्रुर्जुवा सुधारवादीहरूलाई पनि लपेटामा पर्‍यो । उनीहरू साम्राज्यवाद विरोधि संघर्षमा कम्युनिष्टसंग सहकार्यमा आए । वेलायतको लेवर पार्टी, भारतका जवाहरलाल नेहरू, चीनका सन यात्सेन, अफ्रिकाका नेल्सन मण्डेलाहरूको सहभागितालाई उदाहरणमा लिन सकिन्छ । वीपीको "समाजवाद" लाई पनि यसैको प्रभाव मान्न सकिन्छ । विश्व राजनीतिमा समाजवाद विनाको 'प्रजातन्त्र' अस्वीकार्य जस्तै भयो ।

क्रान्ति पछि वैज्ञानिक समाजवादका विरुद्ध साम्राज्यवादी र संशोधनवादीले देश भित्र र बाहिरबाट हमला गरे; तर लेनिन, स्टालिनको कूशल नेतृत्वमा वैज्ञानिक समाजवादलाई रक्षा गर्ने काम भयो । दुःखद कुरा प्रतिक्रान्तिकारीहरूको उक्साहटमा कामदार महिलाले सन १९१८ मा लेनिन माथि गोली प्रहार गरीन् । गोलीको असर र कामको चापले लेनिनको स्वाश्थ्य विग्रिदै १९२४मा उहाँको निधन हुन पुग्यो । सर्वहारावर्गको सत्ता स्थिर र सुदृढ नहुँदै लेनिनको निधन हुन पुग्दा समाजवादी आन्दोलनमा निकै ठूलो नोक्सान भयो । तथापी लेनिनका घनिष्ट कमरेड स्टालिनले समाजवादलाई कैयौं कठिन र संकटपूर्ण मोडबाट रक्षा गर्दै अगाडि वढाउनु भयो । वास्तवमा दोस्रो विश्व युद्धमा हिटलरको फासिवादलाई धुलो चटाउने र मानव जातिलाई फासिवादको भयानक विध्वंसबाट वचाउने नेतृत्व नै कमरेड स्टालिनको अगुवाईमा सोभियत समाजवादले गर्‍यो । यसैको सुखद परिणाम दोस्रो विश्व युद्धको समाप्ति संगै पूर्वी युरोप, चीन, कोरिया, भियतनाम, क्युवामा वैज्ञानिक समाजवाद स्थापना भयो । तथ्याङ्क अनुसार यो अवधिमा विश्वको आधा जनसंख्या सहित एकतिहाई भू-भागमा वैज्ञानिक समाजवाद स्थापना भयो । यो नै वैज्ञानिक समाजवादको उत्कर्ष काल वन्यो ।



नेत्रविक्रम चन्द 'विप्लव'

**'यो महान् दिवस हामीबाट जति टाढा हुँदै गईरहेको छ सर्वहारा क्रान्तिको महत्व उति नै अधिक स्पष्ट हुदै गइरहेको छ ।' लेनिन, भाग १० पेज २०४, अक्टोबर क्रान्तिको चौथो जयन्ती ।**

**'अक्टोबर क्रान्तिको भण्डा अपराजय छ र फासिवादका सवै शक्तिहरूको अन्तिम विनाश निश्चित छ ।' माओ भाग ३ पेज ८२ १९४२ नोभेम्बर ६ अक्टोबर क्रान्तिको पच्चीसौं उत्सवका उपलक्ष्यमा**

**४) अक्टोवर क्रान्तिको मार्गमा विचलन**

सन १९५३ मा स्टालिनको निधन र गद्दार ख्रुश्चोभको आगमन पछि कम्युनिष्टहरूले ठूलो समस्या भोग्नु पर्‍यो । ख्रुश्चोभ स्टालिनको सहयोगी वन्दै सत्तामा पुगेको थियो तर उसले सत्ता लिए पछि विशेषतः सन १९५६को सोभियत कम्युनिष्ट पार्टी विशौं महाधिवेशनबाट समाजवादी सत्तालाई उल्टाउन पुग्यो । उसले समाजवादलाई सवैको राज्य, सवैको सत्ता भन्दै तीन सको विचार (शान्तिपूर्ण संक्रमण, शान्तिपूर्ण सहअस्तित्व र शान्तिपूर्ण सहकार्य) आगाडि सार्‍यो । उसले कमरेड स्टालिन माथि तुच्छ र अराजनैतिक आरोपहरू थोपर्न पुग्यो ।

ख्रुश्चोभको संशोधनवादले विश्व कम्युनिष्ट आन्दोलनमा तीव्र वैचारिक राजनैतिक संघर्ष पैदा गर्‍यो । कमरेड माओको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीले ख्रुश्चोभी संशोधनवाद विरुद्ध संघर्ष संचालन गर्‍यो । अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा यो संघर्ष "महाविवाद"को नामले स्थापित हुन पुग्यो । सन १९६४मा ख्रुश्चोभको पतन भए पनि सोभियत कम्युनिष्ट पार्टीले उसको मार्ग त्याग्न सकेन् । त्यही धार हावी हुदै गएर ९०को दशकमा वोरिस यल्त्सीनको नेतृतवमा प्रतिक्रान्ति हुन पुग्यो । संशोधनवादी लाइन कै कारण पूर्वी युरोप पहिले नै पूँजीवादमा पतन भइसकेको थियो । त्यसैलाई आधार वनाएर उत्तर आधुनिकवादी र उत्तर साम्राज्यवादी तत्वहरूले " इतिहासको अन्त्य " "विचारधारात्मक युगको अन्त्य " भन्दै अनेकौं भ्रम प्रचार गर्न पुगे । आज सम्म पनि यसको नकारात्मक प्रभाव चलिरहे कै छ । कम्युनिष्ट आन्दोलनमा सवै भन्दा उतारको अवस्था यही वन्न पुग्यो ।

**५) समाजवाद असफलताको शिक्षा र क्रान्तिकारीहरूको कार्यभार**

वैज्ञानिक समाजवादी व्यवस्थाले भोगेको असफलताले क्रान्तिकारी कम्युनिष्टहरूलाई गंभिर शिक्षा दिएको छ । हामीले ती शिक्षालाई गहिरोगरि आत्मसाथ गर्न जरुरी छ ।

दार्शनिक रूपले वस्तुलाई 'बदल्नु' मुख्य कुरा हो भन्ने मार्क्सको संश्लेषण सही हुँदा हुँदै पनि समाजवादको असफलताले वस्तुलाई वदल्नु मात्र ठूलो होइन वदलेको वस्तुलाई रक्षा र विकास गर्नु महत्वपूर्ण विषय हो भन्ने शिक्षा दिएको छ ।

राजनैतिक रूपले जनवाद र अधिनायकत्वलाई वैज्ञानिक तरिकाले प्रयोग गरेर मात्र समाजवादलाई वर्ग विलोपिकरण सहित साम्यवाद तर्फ लैजान सकिन्छ । अधिनायकत्व र जनवाद अमूर्त विषय नभएर वैज्ञानिक पद्धति सहितको हुनु पर्छ ।

आर्थिक क्षेत्रमा वैज्ञानिक समाजवाद मूर्त र पारदर्शी हुनु पर्छ । जसले निजी संमृद्धि र सामाजिक संमृद्धिलाई नेतृत्व गर्दै वर्गविहिन समाज तर्फ अग्रसर गराउन सकोस ।

राज्यको नेतृत्व प्रणाली गतिशील र आवधिक हुन जरुरी छ । जसले श्रमिक वर्ग र कम्युनिष्टहरू बीचको सम्बन्धलाई सजिव र हराभरा बनाउन सकोस ।

कम्युनिष्ट समाज र संस्कृतिको विकास जीवन्त र ठोस प्रकारले गर्न आवश्यक छ । ताकि बुर्ज्रुवा संस्कृतिको सट्टा कम्युनिष्ट संस्कृति श्रमिक वर्गमा लोकप्रिय हुन सकोस ।

पूर्व सोभियत संघको विघटन, नयाँ शक्ति केन्द्रहरूको विकास, विज्ञान र प्रविधिको अभूतपूर्व विकास, भूमण्डलिकृत र निगम पूँजीका कारण आजको विश्व लेनिनले व्याख्या गरेको विशौं सताब्दीको साम्राज्यवादी अवस्थामा नभई निकै नयाँ ठाउँमा पुगेको छ । यसलाई उत्तरसाम्राज्यवादीकाल भन्न सकिन्छ । उत्तरसाम्राज्यवादीकालमा पुग्दा यसले वैज्ञानिक समाजवादका आर्थिक, सामाजिक नीतिहरू चोरेर आफूलाई सुरक्षित गर्ने उपाय समातेको छ परन्तु राजनैतिक, आर्थिक, साँस्कृतिक रूपले यो अहिले पनि भिषण अन्तरविरोध र संकटहरू वोकेर बाचिरहेको छ । अर्थ राजनैतिक दृष्टिले ८५जनाको हातमा विश्वको आधा जनसंख्या बरावरको सम्पत्ति थुप्रिने देखि अति अन्धराष्ट्रवादी नीति, सैन्य शक्ति र युद्धद्वारा अस्तित्व बचाउनु पर्ने अनौंठो स्थितिबाट उत्तर साम्राज्यवाद गुज्रि रहेको छ । साम्राज्यवाद कै कारण मध्यपूर्व लगायतका देशहरूमा लाखौं लाख जनताले अनाहकमा जीवन गुमाउनु परिरहेको छ । कैयौं सहर नै समाप्त हुन पुगेकाछन् । श्रमिक वर्ग संसारभरी शोषण, विभेद र दमनको चपेटा परिरहेकाछन् ।

यता कम्युनिष्ट आन्दोलन माओको मृत्यु पछि केन्द्र विहिन वन्न पुगेको छ । रिमले केही समय क्रान्तिकारी केन्द्रको रूपमा काम गर्न प्रयत्न गरे पनि अहिले प्रभावकारी छैन् । विश्वभरी क्रान्तिमा रहेका र नरहेका क्रान्तिकारीहरू संगठित अवस्थामा छैनन् या निकै कमछन् । जवकि हामी कम्युनिष्टहरूले नै संसारका श्रमिक जनतालाई आजको संकटबाट मुक्ति दिने र मानव जातिलाई वैज्ञानिकक मसाजवाद र साम्यवाद तर्फ डोर्‍याउन पहल गर्नु पर्ने छ । हामी कम्युनिष्टको लागि यो निकै गह्रुङ्गो र युगिन कार्यभार हो ।

**६) अक्टोबर क्रान्ति र नेपाली क्रान्तिको सन्दर्भ**

यतिवेला नेपाल सन १९१७को रुसी परिस्थिति संग मिल्दोजुल्दो अवस्थाबाट गुज्रि रहेको छ । जनयुद्ध, विस्तृत शान्ति संझौता र संविधान समभाबाट गणतन्त्र स्थापना भए पनि राज्य सत्ता दलाल पूँजीवादी शक्तिको हातमा पुगेको छ । जनताका आधारभूत अधिकारहरू सुनिश्चित हुन सकेका छैनन् । गास,बास, शिक्षा, स्वाश्थ्य, रोजगारी केही छैन् । सामाजिक असुरक्षा,युवा, चेलीवेटी बेचविखन, भ्रष्टाचार, कालोवजारी, तस्करी असिमित प्रकारले बढेको छ । नोकरशाह र राजनैतिक पार्टीका नेताहरू नै भ्रष्टाचार र तस्करीमा संलग्न छन् । देश माथि भारतीय साम्राज्यवादको अतिक्रमण गोविन्द गौतमको हत्या गर्ने स्तरमा पुगेको छ । नेपालको राजनीति, अर्थतन्त्र, प्राकृतिक सम्पदा( पानी, खानी, जंगल आदि), संस्कृति, हवाई अड्डा सवैमा उसको नियन्त्रण छ । नेपाल नवउपनिवेशको अवस्थामा पुगेको छ ।

श्रमिक जनताहरू यो संकटबाट निकास चाहन्छन् । तर पूँजीवादी, संसदवादीहरूबाट यसको निकास संभव छैन् । यो संकटको समाधान सामान्य राजनैतिक सुधार र संसदीय प्रकृयाबाट हुने स्थिति पनि छैन् । यसको समाधान नयाँ जनवादी र वैज्ञानिक समाजवादी क्रान्तिद्वारा मात्र संभव छ । त्यसका लागि हामी कम्युनिष्टहरूले केही महत्वपूर्ण पहल गर्न जरुरी छ । प्रथमतः हामी कम्युनिष्टहरू संभव भए सम्म ध्रुविकृत र एकतावद्ध हुने त्यो नहुने स्थितिमा पनि क्रान्तिका पक्षमा सयुक्त मोर्चा र कार्यगत एकता गर्न पहल गर्नु पर्छ । दोस्रो कुरा कम्युनिष्टहरूले मुठ्ठिभर दलाललाई छोडेरे देशभक्त, लोकतन्त्रवादी शक्तिहरूलाई सयुक्त मोर्चामा गोलवन्द गर्नु पर्छ । तेस्रो कुरा देशलाई शान्ति, स्थिरता, स्वाधिनता र संवृद्धि केवल नयाँ जनवाद र वैज्ञानिक समाजवादले मात्र दिन सक्छ भन्ने सुस्पट दृष्टिकोण जनतामा पुगाउँनु पर्दछ ।

अक्टोवर क्रान्तिको शतवार्षिकी मनाउदै गर्दा हामीले स्मरण गर्नु पर्छ अक्टोबर क्रान्ति लेनिन, स्टालिनको शक्तिले मात्र भएको होइन् । उक्त क्रान्ति कम्युनिष्टहरूको वुद्धिमत्तापूर्ण पहल र त्यहाँका मजदूर,किसान, सेना, देशभक्त शक्तिहरूको सयुक्त विद्रोहबाट मात्र संभव भएको हो । संयोगले आज हामी त्यस्तै समयको अवसरमा छौं । हामीले गंभिरतापूर्वक पहल गर्‍यौं भने नेपालमा २१औं शताब्दीको अक्टोवर क्रान्ति सफल हुन सक्छ । इतिहासको यो वास्तविकतालाई हामी कम्युनिष्टहरूले उच्च वोधका साथ आत्मसाथ गरौं । धन्यवाद ।

*(अक्टोबर क्रान्तिको शतवार्षिकीको अवसरमा आयोजित अन्तरक्रियामा विप्लवले प्रस्तुत गरेको कार्यपत्र)*

## सामाजिक सञ्जाल



*हुलमुलमा हाम्रो पार्टीको नगर संयोजक भाका एकजना साथी संयोजक बनेको एकमहिना पुग्दा नपुग्दै बाबुराम तिर गय ! त्यहा पनि केहिदिन चट्नी चाटेर कमल थापा तिर हिदेछन ! विचारबाट बिचलित भएसी मान्छे कसरि कार्टुन बन्दोरहेछ ? राम्रो उदाहारण बनिरहेकाछन हिजोआज उनि ! – **खगेन्द्र छन्त्याल***



*ठूला भनिएका दलहरू कति फासिवादी, निरंकुश र निषेधकारी छन् भन्ने कुरा बुझ्नलाई धेरै टाढा जानु पर्दैन, ती दल निकटका पत्रकार संगठन र तिनका नेताहरूले नेपाल पत्रकार महासंघ काठमाडौं र ललितपुर शाखाको चुनावमा देखाएको व्यवहार नै काफी छ । – **इन्द्र राउत***



*कारबाही भोग्न तयार रहन चेतावनी*

*नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको निर्वाचनमा केन्द्रीय पार्षदमा व्यापक अनियमितता, घोटाला र तल्लो स्तरको कालोबजारी भएको छ । यति सम्मकी केन्द्रीय पार्षद हुनका लागि १० जनाको समर्थन चाहिनेमा २ जना पनि नभएका पार्सद बनेका छन् भने १० जना भएकालाई केन्द्रीय पार्षदको फारम भरेपनि राज्य पार्षदको सूचीमा राखिएको छ । पार्षदका लागि चाहिने सबै मापदण्ड पूरा भएकाले फाल्न नसक्ने भएपछि प्रदेशतिर हुर्याउने कार्यको हामी घोर निन्दा गर्दछौं । क्रान्तिकारी पत्रकार महासंघले यसलाई कदापी स्वीकार गर्दैन । केन्द्रिय पार्षदमा १०-१० जनाको नामसहित सिफारिस भएकाहरूको नाम कसरी प्रदेश पार्षदमा आयो ? यस कार्यमा संलग्न निर्वाचन अधिकृत गोविन्द पोखरेल, निर्वाचनसमिति, नेपाल पत्रकार महासंघको नेतृत्वसहित कसैलाई पनि यो विषयमा क्रान्तिकारी पत्रकार महासंघ नरम बन्ने छैन । त्यसका लागि हामी जस्तोसुकै कठोर कदम चाल्नेछौं । पत्रकार महासंघका ठेकेदारहरूलाई कुर्सीबाट गलहत्याएर खसाल्नेछौं । – **केशरमणि कटुवाल***



*भारत नेपालमा सधैं भनेको मान्ने मागेको खुरुखुरु दिने, आज्ञाकारी सरकार राख्न चाहन्छ । त्यसो नगर्ने सरकारलाई ढाल्छ र आफू अनुकूलको सरकार बनाउन खोज्छ । यो सरकारलाई ढालेर तपाईको नेतृत्वमा सरकार बनाउनु पर्‍यो भनेर कुनै नेतालाई प्रस्ताव गर्छ । ती नेता त्यसमा तुरुन्त तयार भइहाल्छ । भारतले नेपालसँग माग्ने कुरा नेपालको हित विपरीतको कुरा हुन्छ । कुनै कुनै स्वाभिमानी नेताले त्यस्ता माग स्वीकार गर्दैन र भारत त्यस्तो नेतालाई लखेन सुरु गर्दछ । नेपालको राजनीतिक अस्थिरताको मुख्य कारण यही नै हो । - **गोविन्दबहादुर थापा***



*आफूले अब्बल कार्य गर्न नसक्ने, दोष अरुलाई दिन मिल्छ र ? यो त 'आफू नाच्न जान्दैन, आँगन टेढो !' भने जस्तो हुन्न र भन्या ? कतिपय मित्रहरू आफ्नो कमजोरी औंल्याई दिनेहरूप्रति मुख बिगार्दै रुखो प्रतिक्रिया दिन्छन् त बा !*

*होइन,*

*#विचार, राजनीति, संगठन, संस्कृति सबै हिसाबले संसदवादमा पतन भइसक्दा पनि प्रसंसा गरिरहनु पर्ने ?*

*#विगतमा संसदीय व्यवस्था विरुद्ध लड्नका निम्ति हजारौंलाई जीवन बलिदान गर्न, पढाई, परिवार र पेशारव्यवसाय त्याग्न उल्काउने, पछि आएर त्यही संसदीय व्यवस्थामा लीन हुन पुग्दा पनि तिनलाई महान भनिरहनु पर्ने ?*

*#क्रान्तिको सपना बाँडेर लामबन्दी बनाइएका हजारौं इमानदार, त्यागी र निष्ठावान कार्यकर्ताहरू गुमनाम या निरीह बन्ने र केही पैसावाला र खुराफातीहरूको राईंदाईं हुने स्थिति बनाउँदा समेत गुणगान गाइरहनु पर्ने ?*

*#विगतमा घूसखोर, कमिसनखोर र भ्रष्टाचारीलाई कार्वाही गर्न लगाउने, अहिले आफैं त्यसमा चुर्लुम्म डुबेर सेफ्टिट्र्यांक जस्तै दुर्गन्धित भइसक्दा पनि हनुमान चालिसा गरिरहनु पर्ने ?*

*असम्भव ! # –**थमनसिंह राई***



*चुनावलाई 'मजाक' बनाएका दलहरूलाई जनताले माफी गर्लान् ? – **गीता चिमोरिया***



*गृहमन्त्री विमलेन्द्र निधिको राजीनामा । उसोभए अब कमल थापाले पनि उपप्रधानमन्त्रीबाट राजीनामा दिनुपर्छ भन्ने कुरो आयो । गलत। राजीनामा उनले हो इन, प्रचण्डले दिने हो । किनकि कमल फेरी त्यहीं रहिर हन्छन्। ! – **वसन्त बस्नेत***

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# कला, साहित्य र सांस्कृतिक रूपान्तरणमा जनयुद्धको प्रभाव

❑ हिरामणि दुःखी



**कला भएकै कारण त्यो साहित्य भएको हो। नत्र विचार मात्र भए त सोझो राजनीति भन्न सकिन्छ। साहित्य विशिष्ट राजनीति हो। त्यसैले यहाँ कला र अन्तरवस्तुको अन्तरसम्बन्ध हुन्छ। हुनु अनिवार्य छ।**

**विषयारम्भ :**

अहिले हामी जनयुद्धको इतिहास पढ्ने समयमा उभिएका छौँ। जनयुद्धलाई स्वयम् यसका मुख्य नेतृत्वपङ्क्तिबाट सचेततापूर्वक अन्तरघात गराइएको छ। यो अन्तरघातको प्रकृया जनयुद्धलाई शान्तिपूर्ण अवतरण गराएदेखि सुरु भएको हो। त्यसैले हामीसँग जनयुद्ध त छैन तर जनयुद्धका महत्वपूर्ण शिक्षा र अनुभव तरोताजा नै रहेका छन्। जनयुद्धका यिनै शिक्षा र अनुभवलाई आगामी कार्यनीतिमा कसरी रूपान्तरण गर्ने भन्ने चुनौती क्रान्तिकारी पङ्क्तिमा खडा भएको छ। एकपटक संसार थर्काउन पुगेको जनयुद्धको त्यति ठूलो भौतिक ताकतलाई कसरी पुनर्सगठित गर्ने भन्ने गम्भीर चुनौतीबारे अहिलेको क्रान्तिकारी पार्टीभित्र बहसको विषय बनेको छ। जनयुद्ध नेपाली राजनीतिक आन्दोलनको एउटा महत्वपूर्ण ऐतिहासिक परिघटना थियो। राजनीतिक आन्दोलनको मुख्य लक्ष्य भनेको नेपालको राजनीति, अर्थनीति, संस्कृति, समाजव्यवस्था, न्यायप्रणली इत्यादि राज्यसत्ताका समग्र प्रणालीहरूमा आमूल परिवर्तन गर्नु थियो। यो मालेमावादी विचारदर्शन र राजनीतिले सुसज्जित क्रान्तिकारी कम्युनिस्ट पार्टीको सचेतन प्रयत्नद्वारा घटित परिघटना थियो। यसले मूलतः नेपालको वर्गीय अन्तरविरोध हल गर्ने र नेपालमा नयाँ जनवाद हुँदै समाजवाद स्थापना गर्ने तथा अन्त्यमा विश्व साम्यवादमा पुग्न विश्व कम्युनिस्ट आन्दोलनको सेवा गर्ने उद्देश्य र लक्ष्य लिएर सञ्चालन गरिएको न्यायपूर्ण युद्ध थियो। यसको नेतृत्व नेकपा माओवादीले गरेको थियो।

**नयाँ मूल्यको स्थापना :**

जब जनयुद्धको सुरुआत भयो, तब यसले पुरानो सत्ताको ध्वंश र नयाँ सत्ताको निर्माण गर्दै गयो। ग्रामिण क्षेत्र क्रमशः मुक्त हुँदै गए र जनवादी सत्ताका आधारइलाकाहरू निर्माण भए। जनयुद्धले सदियौँदेखि शोषण, उत्पीडन र दमन खेप्दै एकप्रकारले दासत्व जीवन गुजार्न बाध्य पारिएका श्रमशील जनतालाई राजनीतिको मूलधारमा ल्याएको छ। उनीहरूलाई सबैखाले उत्पीडन, शोषण र दमनका अनगिन्ती अमानुसिक हर्कतका विरुद्ध विद्रोह गर्न सिकाएको छ। उत्पीडित वर्गका आम जनसमुदायलाई वर्गीय मुक्तिको मार्ग देखाएको छ। जनयुद्धले पुरानो अर्थतन्त्र, सामाजिक जीवन, राजनीतिका साथसाथै कला, साहित्य र सौन्दर्यचिन्तन जस्ता सांस्कृतिक मानदण्डमा समेत नयाँ आयाम थपिदिएको छ। राम्रो-नराम्रो, सुन्दर-कुरूप, असल-खराब, सहि-गलत आदिका बारेमा वर्गदृष्टिकोण निर्माण गरिदिएको छ। पुराना सांस्कृतिक मूल्य-मान्यताहरूको विघटन र नयाँ सांस्कृतिक मूल्यहरूको संघटनको प्रकृया जनयुद्धका क्रममा निर्माण भए।

जनयुद्धकै परिणाम शदियौँदेखि अपरिवर्तनीय ठानिएको राजतन्त्र ढल्यो र गणतन्त्र स्थापना भयो। यहाँ सामन्तवादको राजनीतिक संस्थाको केन्द्र त ढालियो परन्तु त्यसका अन्य पक्षहरू मूलतः सांस्कृतिक, आर्थिक र सामाजिक केन्द्रहरू यथावत नै छन्। जिवितै छन्। तथापि गणतन्त्रको स्थापना हुनु, धर्मनिरपेक्षता र संघीयताको स्थापना हुनु राजनीतिक उपलब्धीहरू हुन्। यसलाई साहित्य, कला र संस्कृतिका क्षेत्रबाट भन्ने हो भने असत्यका विरुद्ध सत्य, अकल्याणका विरुद्ध कल्याण, र कुरूपका विरुद्ध सुन्दरको स्थापना गर्ने आधार बनेको छ।

जहाँसम्म कला, साहित्य र संस्कृतिको रूपान्तरणको कुरा छ, जनयुद्धले केही हदसम्म यी पक्षहरूमा रूपान्तरण अवस्य ल्याएको छ तर त्यो पूरा हुन नपाउँदै स्वयम् यसका मुख्य नायकहरूको एउटा पङ्क्तिमा आएको वैचारिक विचलनका कारण यसको गला रेट्ने काम भयो। उनीहरू जनयुद्धमार्फत् नयाँ जनवादी क्रान्ति पूरा गर्ने घोषित लक्ष्यप्रति घात गर्दै घुमाउरो पाराले पुरानै संसदीय पूँजीवादी व्यवस्थालाई स्वीकार गर्न पुगे। फलस्वरूप क्रान्तिले गम्भीर धक्का खान पुग्यो। यसरी अहिले प्रतिक्रान्ति भएको छ।

जनयुद्धको अवधि महान् उथलपुथलकारी अवधि रह्यो। यसले मानिसको सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा जस्तै साहित्य, कला र संस्कृतिको क्षेत्रमा पनि उथलपुथल ल्याइदियो। समग्रमा साहित्य, कला र संस्कृतिका क्षेत्रमा नयाँ नयाँ प्रतिमानहरू खडा भए। मार्क्सवाद-लेनिनवाद-माओवादको प्रयोगद्वारा नयाँ यथार्थको स्थापना भयो। पश्चगामी यथास्थितिवादी साहित्य, कला र संस्कृतिका विरुद्ध जनसाहित्य र संस्कृतिको मूल्य स्थापित भयो। गीत, कविता, कथा, संस्मरण, निबन्ध, पत्रसाहित्य, उपन्यास, खण्डकाव्य र माहाकाव्यसम्म अनगिन्ती रचिए। संस्मरण, र पत्रसाहित्य जस्ता पछिल्ला विधाहरूको त बाढी नै आयो। यसले नेपाली प्रगतिवादी साहित्यलाई अझ बढि समृद्ध पार्न मद्दत पुऱ्यायो। साहित्य राजनीतिमय र राजनीति साहित्यमय भयो। युद्धका भीषण मोर्चाहरूमा पनि योद्धाहरूले एक हातमा बन्दुक र अर्को हातमा कलम लिएर लडाइँका ब्याटलहरूबाटै जीवन्त साहित्य सिर्जना गरे। युद्धका बेलामा साहित्य लेख्न गाह्रो हुन्छ भन्ने एकथरी परम्परावादी मान्यता भत्कियो। जनताले भोगेको सजिव यथार्थ वर्गसङ्घर्षको तुफानी केन्द्रमै सबैभन्दा बढि सघन हुने भएकाले त्यहिँबाट जीवन्त र अग्रगामी धाराको साहित्य सिर्जना हुने कुरा जनयुद्धका क्रममा पुष्टि भयो।

विगतमा प्रगतिवादी धाराको साहित्य केवल आदर्श एवम् क्रान्तिप्रतिको मोह स्थापना गर्ने माध्यमका रूपमा रहेको हुन्थ्यो भने युद्धसाहित्यले क्रान्तिमा लामवन्दी गराउन र वलिदानीका निम्ति समर्पित हुने वातावरण निर्माण गरिदियो। यो सबैभन्दा उत्कर्षको साहित्यका रूपमा स्थापित भयो। जीवनबोधी भयो। जब जनयुद्धका क्रममा युद्ध साहित्य लेखियो, यसले नयाँ युगचेतना, नयाँ आदर्श स्थापना गर्दै जनतामा क्रान्तिकारी चेतनाद्धारा लैस गराउँदै क्रान्तिमा समर्पित हुन उत्प्रेरणा प्रदान गऱ्यो। कला, साहित्य, गीत, संगीतका माध्यमबाट जनतामा अग्रगामी विचार सम्प्रेषण गऱ्यो।

त्यसैगरी संस्कृतिका क्षेत्रमा पनि पुरातन रुढिवादी संस्कार संस्कृतिहरू विस्थापित गर्दै जनसंस्कृतिको विकास भयो। जातभात, छुवाछुत र अनेकन भेदभावका चिनियाँ पर्खालहरू क्रमशः भत्किँदै गए। जन्म, मृत्यु र विवाहमा गरिने परम्परावादी हिन्दू कुसंस्कृतिहरू तोडिँदै गए। समाजमा जूवातास खेल्न, रक्सिभट्टीहरूले श्रमजीवी वर्गका जनतालाई विगार्ने जस्ता पक्षगामी आचार व्यवहारहरू क्रमशः नियन्त्रण र निषेध हुँदै जानुमा जनयुद्धको महत्वपूर्ण योगदान थियो। जनताले नयाँ सत्ता स्थापना गरेर जनसंस्कृतिको विकास गर्दै थिए। मानिसका जीवनमा आउने विभिन्न संस्कारहरूमा परिवर्तन आउँदै थियो। पहिला पार्टीका नेता-कार्यकर्ताबाट सुरु गरिएका संस्कार संस्कृतिहरूलाई जनताले समेत पछ्याउँदै थिए। जनयुद्धको त्यति ठूलो वलिदानपछि पनि वर्तमान सत्ता पुरानै बाटोमा हिँडेपछि जनयुद्धप्रति एउटा अवस्थामा जनताले पश्चाताप गर्ने परिस्थिति सिर्जना हुन थाल्यो। जनयुद्धका क्रममा नयाँ संस्कार संस्कृति निर्माण गरेका माओवादीका कतिपय नेता कार्यकर्ता अहिल स्वयम् विकृतिमा लागेको अवस्था छ। यो निकै दुःखद र खेदजनक अवस्था हो।

**प्रकाशनमा वर्तमान अवस्था :**

वर्तमान युगको साङ्गोपाङ्ग ढङ्गले चित्रण गर्ने थुप्रै कृतिहरू प्रकाशनमा आएका छन्। परन्तु त्यतिले चित्त बुझाई हाल्ने स्थिति भने छैन। यसो हुनुको पछाडि कारण के छ भने सङ्घर्षमा सहभागी श्रष्टाहरूमा साधनाको कमि हुनु र साधनारत श्रष्टाहरूमा क्रन्तिको प्रभावले नछुनु नै मुख्य अन्तरविरोध रहेको छ। यहि अन्तरविरोधका कारण उल्लेख्य मात्रामा कालजयी कृति आउन सकेका छैनन्।

कुनै पनि क्रन्तिलाई विषय बनाएर रचना सिर्जना गर्ने श्रष्टाहरू तीन किसिमका हुन्छन्। एकथरि सुनेको भरमा साहित्य सिर्जना गर्छन्। त्यहाँ उनीहरूको सुनाई कति सत्य र तथ्यमा आधारित छ भन्ने कुरा हुन्छ। साथै सुनेको कुरालाई स्रस्टाले सकार र नकार कसरी ग्रहण गर्छ सोहीअनुरूप उसले आफ्ना रचना सिर्जना गर्छ। उनीहरूका रचना स्वान्त सुखायः (स्वआनन्द)का लागि मात्र हुन्छन्। दोस्रो देखेको आधारमा प्रत्यक्ष घटनाबाट प्रभावित भएर लेख्नेहरू हुन्छन्। तिनीहरूले पनि देखेको घटनालाई जुन रूपमा ग्रहण गऱ्यो सोहीअनुरूप रचना सिर्जना गर्छन्। यस्ता रचनाहरू केही मात्रामा सत्यतथ्यको नजिक त हुन्छन् तर पनि तिनले समाजको साङ्गोपाङ्ग चित्रण भने गर्न सक्दैनन्। तेस्रो सङ्घर्षका भोक्ता र कर्ता स्वयम् हुन्छन्। तिनीहरूले सिर्जना गर्ने साहित्य सत्यतथ्यमा आधारित हुन्छन्। परन्तु क्रान्तिकारी आन्दोलनको आयाम धेरै ठूलो हुने भएकाले समग्र क्षेत्रमा स्रष्टाहरूको दृष्टि पुगेको हुँदैन। तसर्थ साङ्गोपाङ्ग चित्रण हुनेगरी सिर्जना आउन सकेका हुँदैनन्। जे होस् अहिले जनयुद्धकेन्द्री साहित्य अत्यन्तै धेरै प्रकाशनमा आएका छन्। विशेष गरेर कविता, कथा, संस्मरण आदिका सङ्गृहीत कृति प्रयाप्त मात्रामा आएका छन् भने उपन्यास, माहाकाव्य आदि पनि केही मात्रामा प्रकाशित भएका छन्।

**प्रगतिवादी नेपाली साहित्यको वर्तमान अवस्था :**

अहिले समग्र भाषा र वर्गको साहित्यको नेपाली अवस्था निकै फष्टाएको छ। नेपाली साहित्य विश्व साहित्यसँग समानान्तर धारामा विकसित हुँदै गएको छ। यो खुसीको कुरा हो। अहिलेको नेपाली साहित्यको मूल धारा अग्रगामी धारा हो। जसलाई नयाँ यथार्थवादी धाराका रूपमा पनि विश्लेषण गरिन्छ। यसपछिको अर्को धारा भनेको संसोधनवादी र यथास्थितिवादी धारा हो। बाँकी धारा यिनै दुई धाराका वरिपरि फन्को मारेका हुन्छन्। यी दुवै धाराका साहित्य नेपालमा राम्रैसँग फस्टाएका छन्। मैले यो कुरा लेखन र प्रकाशनका अर्थमा भन्दै छु। यद्यपि मात्रामा जे जति विकास भएका छन् गुणमा त्यति राम्रो अवस्था भने छैन।

समकालीन प्रगतिवादी नेपाली साहित्यमा मूलधारको नेतृत्व हाम्रो सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र सो मातहतको अखिल नेपाल लेखक सङ्घले नै गर्दछ। यो कुरा हामीले दावाका साथ भन्न सक्छौँ। समकालीन नेपालमा नयाँ यथार्थलाई केन्द्रमा राखेर लेखिने साहित्य र गरिने साहित्यिक आन्दोलन नै मूल धार हो। त्यसको प्रतिनिधित्व हामीले नै गरिरहेका छौँ। त्यसका अलावा अन्य थुप्रै क्षेत्रमा पनि क्रान्तिकारी धारका लेखक साहित्यकारहरू छरिएर रहेका छन्। उनीहरूलाई पनि मूलधारमा ल्याउने जिम्मेवारी हाम्रो काँधमा छ। यसमा हामीले सकेसम्म सङ्गठित रूपमा नभए कतिपय मोर्चाहरूमा एकसाथ लिएर जान सक्छौँ। त्यो प्रयास पनि हामीले गरिरहेका छौँ। मोर्चाको काम हामीले प्रलेसमार्फत् पनि गर्न सक्छौँ। गरिरहेका पनि छौँ।

खास गरेर मूलधारको लेखनले नयाँ यथार्थवादी धारालाई उजागर गर्छ। यो जनयुद्धकेन्द्री प्रतिनिधि धारा हो। यद्यपि जनयुद्धले यतिवेला धक्का खाएको छ। यहाँ प्रश्न उठ्न सक्छ कि असफल युद्ध कसरी प्रतिनिधि प्रवृत्ति हुन सक्छ ? जनयुद्ध असफल भएको होइन स्वयम् यसका नायकहरूबाट धोका दिइएको हो। तुहाइएको हो। परन्तु जनयुद्धले उठाएका मुद्दाहरूमा नै अहिलेको नेपाली राजनीति कन्द्रीत छ। यहाँ ठूलठूला बहसहरू छन्। तथापि जनयुद्धका एजेण्डाहरूलाई कसैले नकार्न सकेको छैन। त्यसैले मूलधारको साहित्यले यही नयाँ यथार्थवादी प्रवृत्तिलाई अङ्गिकार गर्छ। गरिरहेको छ।

**रूप र अन्तरवस्तु बीचको अन्तरसम्बन्ध :**

कतिपय प्रसङ्गमा प्रगतिवादी साहित्यलाई विचारको भारी बोकेको नारावादी साहित्य र कलाविमुख रचना भन्ने आरोप लगाउने गरिन्छ। वास्तविकता यस्तो होइन। यो आरोप सत्य होइन। कला र विचार दुवै हिसावले प्रगतिशील वा प्रगतिवादी धाराका साहित्य सवल, बेजोड र अद्वितीय छन्। जसले प्रगतिवादी क्षेत्रका साहित्यलाई यस्तो प्रकारको आरोप लगाउने गरेका छन् उनीहरूले या त प्रगतिवादी धाराका साहित्यको मर्म बुझ्न सकेका छैनन् या त उनीहरूले यसो भन्दै गरेर बुर्जुवा विचारको पक्षधरताको कुरा गरिरहेका छन्। अर्को कुरा बुर्जुवाहरूले साहित्यलाई स्वान्त सुखायः का रूपमा लिन्छन्। हामी साहित्यलाई पर हितायः का रूपमा लिनु पर्छ भन्छौं। यहाँ दृष्टिकोणको कुरा आउँछ। वस्तुलाई हेर्ने फरक फरक दृष्टिकोण भए जस्तै साहित्यलाई हेर्ने पनि दुई अलग दृष्टिकोणहरू छन्।

सवल सिर्जनाका लागि रूप र अन्तरवस्तुको अन्तरसम्वन्ध गहिरो र अविभाज्य हुनुपर्छ। यी एकअर्काबाट अलग गरिने विषय नै होइनन्। रूप कला हो भने अन्तरवस्तु विचार हो। विचार अर्थात् अन्तरवस्तु विनाको साहित्य कोरा साहित्य हुन्छ। त्यस्तो साहित्य मानव जीवनका लागि उपयोगी हुँदैन। त्यस्तै कला विनाको विचार मात्रको साहित्य निरस हुन्छ र त्यो वास्तवमा साहित्य नभएर वैचारिक कुरा मात्र हुन पुग्छ। साहित्यमा लय हुनु आवश्यक छ। यो अनिवार्य तत्व हो। कला भएकै कारण त्यो साहित्य भएको हो। नत्र विचार मात्र भए त सोझो राजनीति भन्न सकिन्छ। साहित्य विशिष्ट राजनीति हो। त्यसैले यहाँ कला र अन्तरवस्तुको अन्तरसम्बन्ध हुन्छ। हुनु अनिवार्य छ।

**सामर्थ्य र सीमा :**

नयाँ यथार्थपरक लेखकीय सामर्थ्य र सीमा भनेको कला र अन्तरवस्तुका बीच सही संयोजनको नै हो। विषयवस्तु अनगिन्ति छन्। नयाँ नयाँ यथार्थहरू उद्घाटित भएका पनि छन्। नयाँ यथार्थलाई मानक बनाएर थुप्रै थुप्रै साहित्य लेखिएका पनि छन्। तर ती विचारमा जे जति सवल छन् त्यसको तुलनामा कला पक्ष केही कमजोर भएका छन्। विरोधी धाराका समालोचक, पाठकहरूले जे जस्तो आलोचना गरेका छन् त्यति बढी कमजोर नै त होइनन् तथापि केही सीमाहरू अवस्य छन्। यसो हुनुको कारण नयाँ यथार्थवादी धाराका सर्जकहरूमा प्रयाप्त मात्रमा कला सिद्धान्तको अध्ययनको कमी हुनु हो। यसका लागि प्रयाप्त स्कुलिङ पनि हुन सकेको छैन। स्वयम् सर्जकहरूमा अध्ययन, छलफल, वहस र निरन्तर साधनाको कमी छ। यी पनि यस क्षेत्रका सीमा र समस्याहरू हुन्।

लेख्नुको मुख्य उद्देश्य समाज रूपान्तरण हो। त्यसो हुँदा समाजमा घटित यथार्थलाई कलाका माध्यमबाट पुनः समाजमा दिनका लागि लेखिन्छ। साहित्यलाई यथार्थको पुनर्सिजन पनि भनिन्छ। त्यसो हुँदा प्रगतिवादी साहित्यको उद्देश्य हरेक समाजका उत्पीडित वर्गका जनसमुदायका लागि साहित्य लेख्नु हुन्छ, जस्ले आफ्नो वर्गका जनसमुदायलाई साहित्य-कलाले राजनीतिक चेतना देओस् र परिवर्तका निम्ति सङ्घर्षमा लाग्ने उत्प्रेरण दिन सकोस्। तसर्थ हाम्रो साहित्यले जनतामा उत्प्रेरकको भूमिका खेल्नुपर्छ। लेनिनले साहित्यलाई मेसिनको दाँती र पेचकिलाको संज्ञा दिनु भएको छ। विशाल मेसिनभित्र दाँती र पेचकिला अत्यन्तै सानो हुन्छ तर त्यो नभै मेशिन पनि चल्दैन। त्यस्तै साहित्यले मानिसरूपी मेसिन चलाउने काम गर्छ। साहित्यले मानिसलाई गति दिन्छ। गति नै जीवन हो।

## कविता

# क्यालेण्डर

▸ हिरामणि दुःखी

*सालिन्दा फेरिएको क्यालेण्डर*
*फेरियो यसचोटी उसैगरी*
*सिंहदरबार र बालुवाटार*
*शितलनिवास र बल्खु दरबार*
*सानेपा र प्यारीडाँडाका*
*ग्यालरी बैठकहरूमा*
*परन्तु, फेरिएन क्यालेण्डर*
*खण्डहर जस्तै नेपाली भित्ताहरूमा।*

*लोकसेवाको टिकेट बोकेर*
*सिंहदरबार छिरेका मेरा दौँतरीहरू*
*गृहमन्त्रालयको नोटिस पढ्दै*
*चिनो लगाउँछन् विदाका दिनहरूको*
*क्यालेण्डरको पाताहरूमा*
*साइत जुराउँछन् विदेश यात्राको*
*र, डायरीका पानाहरूमा*
*भर्छन्, 'सपिङ' सामानहरूको सूची।*

*फेरिएको क्यालेण्डरमा देखिँदैन*
*भुइँचालोले नङ्ग्याएका छालाहरूमा*
*एकसरो टालो फेर्ने मिति*
*आकाश ओढेर रात काटिरहेका*
*उदास अनुहार लुकाउन*
*एउटा झुपडीको शिलान्यास गर्ने साइत*
*र, भेटिँदैन कतै पनि*
*रोजाना ठूलो गौचरबाट*
*मालचरीका ताँती जस्तै उड्ने*
*कर्मठ पाखुरा रोक्ने योजना*
*अहँ, कतै भेटिँदैन नयाँ क्यालेण्डरमा*
*यस्ता कुनै पनि कुराहरू।*

*युग बदल्ने रणमैदानमा*
*चढाइएका जोवनहरूको मूल्य*
*भेटिँदैन नयाँ क्यालेण्डरमा*
*बरू भेटिन्छन् उनीहरूका*
*फौजदारी अभियोगका मिसिल*
*'न्यायालय'का पेशी फाइलहरूमा*
*र, पनि फेरिइरहन्छ उसैगरी*
*जसरी यो बर्स फेरिएको छ क्यालेण्डर।*

*सिंहदरबारबाट गर्जित*
*'कार्यकारी'को गर्जन होस्*
*अथवा, शितलनिवासका*
*'संरक्षक'को फर्माइस कामना*
*चारताराामा अङ्कित शुभधुन होस्*
*अथवा, बल्खु र प्यारीडाँडामा विराजमान*
*फिका रातो कोटको खल्तीबाट*
*वाचित शुभकामनाका गोधिका अश्रु*
*अर्थात् गुगलका भित्ताहरूमा साटिएका*
*मङ्गलगानका आलापहरू नै किन नहोस्*
*त्यसले त बन्दोरहेनछ*
*बारपाक गाउँको पुनर्निर्माण*
*त्यसले त भरिँदो रहेनछ*
*सिंगटीमा दोब्रिएका पेटहरू*
*त्यसले त रोक्दो रहेनछ*
*चिलगारीले ओसार्ने चीसा पाखुराहरू*
*त्यसले त बदल्दो रहेनछ*
*अन्धा कानूनले तयार पारेको मिसिल*
*र, त्यसले त फेर्दो रहेनछ*
*खण्डहर जस्तै नेपाली भित्ताको क्यालेण्डर।*

*उठ, ए दोब्रिएका पेटहरू*
*जाग, ए चीसा पाखुराहरू*
*सल्काऊ चिराग ए बारपाकहरू*
*जुट ए, घर छोड्ने पाखुराहरू*
*र, फेर तिम्रा लालाबालाका लागि*
*एउटा क्यालेण्डर*
*जहाँ, उनीहरू पढ्नेछन्*
*वीरताको नयाँ कृति।*
*... ....*

२०७३/०१/०१
घट्टेकुलो, काठमाडौं

## १२८औं...

हातमा नै गयो । जसले गर्दा मजदूर वर्गको ठुलो उपस्थीति छैन । तर पनि नेपालमा कम्युनिष्ट पार्टीको स्थापना सँगै जतिबेला २००८ सालमा अखिल नेपाल ट्रेड युनियनको स्थापना भयो तबदेखि मई दिवसको कार्यक्रमलाई विविध रूपबाट मनाउदै आई रहेको छन् ।

पछिल्लो चरण खास गरी ट्रेड युयियन आन्दोलनभित्र जब सुधारवाद, अर्थवाद र ट्रेड युनियनवाद जस्ता नकारात्मक प्रवृत्तिले प्रवेश गऱ्यो, तब मजदूर आन्दोलन पनि विभाजित हुन पुग्यो । एकातिर सामन्तवाद, पुँजीवाद, त्यसमा पनि दलाल पुँजीवादको दलाली गर्ने प्रवृतिले ट्रेड युनियन आन्दोलनमा टाउको उठायो भने अर्कोतिर क्रान्तिकारी आन्दोलनलाई जारी राख्दै आमूल परिवर्तनको पक्षमा ट्रेड युनियन आन्दोलन थियो । दश वर्षको जनयुद्धका क्रममा हालको अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ तत्कालिन अखिल नेपाल ट्रेड युनियन महासंघले आफ्ना नेता कार्यकर्ताहरूलाई आमुल परिवर्तनको आन्दोलनमा सहभागी गरायो । आफ्ना जायज माग पुरा गराउन मागपत्र बनाएर कथित आतंककारीको विल्ला भिराएर गिरफ्तार गर्ने, बेपत्ता बनाउने तथा हत्या गर्ने सामन्तवादी सत्ताका विरुद्ध मजदूरहरूले हतियार बोक्न र बमबारुद बोक्न पनि पछि परेनन् । यसै क्रममा महासंघका उपाध्यक्ष .... पौडेल महासचिव कृष्ण प्याकुरेल लगायत सयौं श्रमिक नेता कार्यकर्ताहरूले जीवनको आहुती दिए । कयौं आज पनि बेपत्ता अवस्थामा छन् । आफ्नो जीवनलाई जोखिममा पारेर पनि क्रान्तिलाई निरन्तरता दिए । दाङको ब्यारेक काण्ड पश्चात् स्वयम् सेनाका ब्यारेकमा राखिएका गाडीमा हतियार लोड गरेर जनमुक्ति सेनाका क्याम्पमा पुऱ्याउने काम यातायात मजदूरहरूले गरेका थिए । यही त्याग, वीरता र बलिदानको इतिहास नै नेपाली श्रमिक वर्गको वास्तविक रूपमा क्रान्तिकारी इतिहास हो । बम, बारुद्ध र हतियार सँग खेल्दै मई दिवस मनाउदा वास्तविक जीवनमा आनन्द मात्र होइन मई दिवसको क्रान्तिकारी परम्परालाई साच्चिकै व्यवहारिक रूपमा आत्मसाथ गरेको कुरा स्पष्ट रूपमा झुल्कन्थ्यो । त्यही क्रान्तिकारी परम्परालाई अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले आत्मसाथ गरेको छ ।

**४. अन्तमा**

सन् १८८६ मई १ मा सिकागो शहरका मजदूरहरूले उठाएका आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन जस्ता विश्वभरिका मजदूरहरूको मनछुने जायज मागहरू पूरा गराउन सिकागोका कारखानामा कामगर्ने जुझारु मजदूर योद्धाहरू जस्ले आफूलाई फाँसिमा झुण्डाउदा पनि वर्ग दुश्मणको अगाडि झुकेनन्, रुस, चीन, भियतनाम, उत्तरी जर्मन, उत्तर कोरिया, भारत, नेपाल लगायतका क्रान्तिकारी मजदूर आन्दोलन तथा सर्वहारा वर्गीय आन्दोलनमा जीवनको वलिदान गर्ने महान योद्धा तथा बेपत्ता योद्धाहरूको त्याग, वीरता र वलिदानको उच्च सम्मान गर्दै वर्ग दुश्मणको राज्य सत्ता माथि धावा बोल्नु र धावा बोल्नका लागि तयारीमा जुट्नु आजको आवश्यकता हो । नेपालको सन्दर्भको कुरा गर्दा ट्रेड युनियनवाद, सुधारवाद, दक्षिणपन्थी संशोधनवाद, नवसंशोधनवादको तावेदारी गर्दै दलाल पुँजीपति वर्गसँग मिलेर 'नो वर्क नो पे' 'नो हडताल'जस्ता घातक सम्झौतामा हस्ताक्षर गर्नेहरूको भण्डाफोर गर्नु यतिबेलाको ज्वलन्त आवश्यकता हो । यिनै विषयहरूलाई आत्मसाथ गर्दै १२८ औं अन्तर्राष्ट्रिय मई दिवसको स्मरण गरौं । नेपाली सर्वहारा वर्गीय श्रमिक वर्गको मुक्तिका खातिर सशस्त्र जनविद्रोहको तयारीका लागि अन्तरआत्मादेखि नै लागि परौं ! यही नै नेपाली मजदूर वर्गको प्राथामिकताको विषय हो ।

## तीन दलीय...

हुन् । उनीहरूका केही माग पुरा भए निर्वाचनमा जानतयार छन् । उनीहरूले निर्वाचनमा राखिएको थ्रेसहोल्डबाट डराएर राजपा, नेपाल गठन गरेका छन्, त्यसैबाट चुनाव लड् छन् ।

❑ बाबुराम भट्टराइको नयाँ शक्तिले "चुनाव चिन्ह" का निम्ति संघर्ष गर्नु भन्दा उपेन्द्र यादवको "चुनाव" चिन्हलाई उपयोग गर्न तयार भएको छ ।

❑ भारतीय विस्तारवादले यो सरकारलाई मधेसवादीलाई मिलाएर चुनाव गर भन्ने निर्देश गरेको र मधेसवादीलाई पनि त्यसै प्रकारको दवाव दिएको अवस्थाले गर्दा अनुकुल स्थिति तयार गर्न चुनाव मिति सर्न सक्ने सम्भावना छ ।

❑ उक्त कारणले गर्दा चुनाव चिन्ह पाउने, थ्रेसहोल्ड हटाउने र नामावली सच्चाउने आन्दोलन कमजोर हुने छ ।

**विट मारनी**

☞ संसदीय ब्यवस्थामा राजनीतिक झगडाको हल चुनाव नै हो । त्यसको मुख्य कारण के हो भने माथिदेखि तलसम्मका चुनावहरूको नीति र कार्यक्रम एउटा सेटमा हुन् छ । तर नेपालमा हुन लागेको स्थानीय तहको निर्वाचनले हल होइन द्वन्द्व निम्त्याउने छ । यो चुनाव गणतंत्र, धर्म निरपेक्षता, संघीयता र पूर्ण समानुपातिक मान्यताको विरुद्ध लक्षित छ । देश र जनतालाई २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन भन्दा पहिलेको स्थितिमा फर्काउने साजिसको पहिलो पाईलोको रूपमा यो चुनावको मञ्चन गरिँदै छ । हाम्रो पार्टीले उक्त कुराहरू बुझेर नै त्यसको विरुद्धमा यो चुनावी मञ्चनको क्रान्तिकारी उपयोग गर्न गईरहेको छ । ६८ दलको आन्दोलनलाई पनि नयाँ ढंगले अघि बडाउन सके हाम्रो क्रान्तिकारी उपयोगलाई सहयोग पुग्ने छ । त्यस तर्फ पनि ध्यान जानुपर्द छ ।

## तीन दलीय...

को निर्वाचनलाई नेकपा (क्रान्तिकारी माओवादी) (तात्कालिन नेकपा-माओवादी) ले सकृयरूपमा बहिष्कार गरेको थियो । उक्त पार्टीले पूर्वानुमान गरेजस्तै प्रतिकृयावादी (राप्रपा, नेका र एमाले) र प्रतिकृयावादी उन्मुख (माके)हरूले उक्त संविधान सभाबाट पश्चगामी संविधान बनाएर त्यसलाई जारी गरेका छन् । यसै पार्टीद्वारा समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल यतिखेर यो स्थानीय तहको निर्वाचनलाई धोखा र विश्वासघातबाट विफल बनाइएको नेपाली क्रान्तिलाई पूर्णता दिई नेपाली समाजलाई आमुल परिवर्तन गर्ने एजेण्डालाई कार्यान्वयन गर्ने तयारी र जनताका अभाव, दुःख र कष्टमा जनता सँगै रहेर तिनको समाधान गर्नका लागि यो निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति लिएर अघि बढिरहेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो), नेपालले स्थानीय निर्वाचनका सन्दर्भमा मोर्चाद्वारा हालै प्रकाशित 'घोषणा र प्रतिवद्धता पत्र'मा आफ्नो नीति स्पष्ट पार्दै भनेको छ, "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यो संविधानलाई पश्चगामी संविधान ठहर गरेको छ र त्यसका सट्टामा संघीय जनगणतान्त्रिक संविधान निर्माण गर्ने नीति लिएको छ ।"

उक्त घोषणा पत्रले स्पष्ट गरेको छ, "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संसदीय व्यवस्थाअन्तर्गत मंचन गरिने निर्वाचनहरूलाई अन्य संसदवादी दलहरूले जस्तो, मिठा नारा र गुलिया बचन मार्फत् आम जनताका आँखामा छारो हालेर सत्ताको भऱ्याङ चढ्ने माध्यम बनाउन चाहँदैन, बरु संसदवादी दलहरूले देश र जनताका हितका बिरुद्ध गर्ने सबै प्रकारका कृयाकलापहरूको बिरोध र भण्डाफोर गर्दै निर्वाचनलाई एउटा मंचको रूपमा लिएर त्यसको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको छ ।"

यसबाट के कुरा स्पष्ट हुन्छ भने निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने देशभक्त जनगणतान्त्रिक मोर्चा र प्रतिकृयावादी सत्ता र व्यवस्थालाई सुदृढ गरी जनता माथि निरंकुश शासन गर्ने उद्देश्यका साथ भाग लिने खासगरी नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र(माके) जस्ता दलहरूको नीति र उद्देश्य फरक मात्र छैनन् कि ती एकअर्काका विपरीत पनि छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा यो प्रतिकृयावादी व्यवस्था र पश्चगामी संविधानलाई खारेज गरी देशमा संघीय जनगणतन्त्रको स्थापना गर्न चाहन्छ । देजमोको प्रष्ट मत छ कि नेपालमा क्रान्ति पुरा हुन सकेन । क्रान्तिमाथि विश्वासघात र गद्दारी भयो । यसको ठिक विपरीत नेका, एमाले र माके एकै स्वरमा चिच्याइरहेका छन् कि "नेपालमा राजनीतिक क्रान्ति सम्पन्न भैसकेको छ" । विगतदेखि अहिलेसम्म राजा, नेका, एमाले र माकेले गरेका राष्ट्रघाती सन्धी सम्झौता, नेका, एमाले र माकेको नेतृत्वका विभिन्न सरकारहरूले गरेका जनघातमाथि ध्यान दिँदा नेपालमा क्रान्तिको आवश्यकता पहिलेको भन्दा पनि बढी छ । गणतन्त्र आएको भनिएको छ । यो गणतन्त्र सामान्य पुँजीवादी गणतन्त्र पनि नभएर दलाल र नोकरशाही पुँजीपति बर्गको नेतृत्वको विकृत गणतन्त्र मात्र सावित भएको छ । बेरोजगारी यति बढेको छ कि देशको एक तिहाई जनसंख्या परिवार छाडेर विदेशिन वाध्य छ । देश भुटानीकरण त करिव करिव भै सक्यो भन्दा पनि हुन्छ, अब यो स्वाभिमानी बहादुर नेपालीहरूको मातृभूमिलाई सिक्किमीकरणको दिशामा अघि बढाउने काम भइरहेको छ । त्यसकारण हामी भन्दछौं- 'क्रान्ति नेपाललाई पहिलेको भन्दा पनि बढी आवश्यक छ ।' यो कार्यभारलाई पुरा गर्नका लागि, बाहिरबाट र भित्रै पसेर पनि क्रान्तिको तयारीको निमित्त देशभक्त जनगणतान्त्रिक मोर्चाले स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति लिएको हो ।

**क्रान्तिको तयारीको अर्को मोर्चा**

संसारको कुनै पनि देशमा त्यसै देशका जनता सम्मिलित नभैकन क्रान्ति सम्पन्न हुन सक्दैन । नेपालका लागि पनि त्यही कुरा सत्य हो । यतिखेर नेपालमा वस्तुगत रूपमा क्रान्तिका लागि परिस्थिति परिपक्व छ, तर जनताको आत्मगत शक्ति कमजोर छ । यसको अर्थ हो नेपाली जनता यतिखेरै क्रान्ति गरिहाल्ने मुडमा छैनन् । एउटा ठुलो क्रान्तिकारी सफलताको सन्निकट पुगेर त्यसलाई प्रतिक्रान्तिले विस्थापित गरेका कारण जनतामा ठुलो निरासा पैदा भएको छ, जुन स्वभाविक पनि हो । यसबेला क्रान्तिकारी आन्दोलन उभारमा होइन, उतारमा छ । त्यसकारण, यतिखेर क्रान्तिकारी पार्टीले निर्वाचनलाई सकृय बहिष्कार गर्ने नारा दिए पनि जनता त्यसप्रति उदासिन हुने संभावना बढी छ । १९ वर्षसम्म स्थानीय तहको निर्वाचन नभएको अवस्थाले गर्दा पनि जनतामा के भ्रम पैदा गराएको छ भने यो निर्वाचनले जनताका कैयौं समस्या समाधान गर्नेछ । त्यसकारण पनि बहिष्कार आन्दोलनले जनतालाई आकर्षित गर्ने संभावना कम छ । जनताबाट अलग भएर क्रान्तिको तयारी गर्न नसकिने भएकाले पनि यो निर्वाचनलाई उपयोग गर्नु क्रान्तिकारीहरूका लागि आवश्यक भएको हो ।

अहिलेको अवस्थामा बाहिरी मोर्चा मात्र क्रान्तिको तयारीका निमित्त पर्याप्त नहुने भएकाले बाहिरी र भित्री दुबै मोर्चाबाट यसको तयारी गर्नु आवश्यक छ । त्यसैले क्रान्तिकारीका लागि चुनावको उपयोग क्रान्तिको तयारीका लागि अर्को मोर्चा पनि हो ।

त्यसकारण, यो निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्नु भनेको यसलाई एउटा मोर्चा बनाई क्रान्तिको तयारी गर्नु र जनताका दैनिक समस्या समाधानका लागि बढीभन्दा बढी पहलकदमी गर्नु हो । प्रतिकृयावादी र प्रतिकृयावाद उन्मुख पार्टीहरूले यो निर्वाचनलाई सत्तामा जाने भऱ्याङ र शासक बन्ने उद्देश्यका निमित्त प्रयोग गर्ने छन् । यसरी देशभक्त जनगणतान्त्रिक मोर्चाको क्रान्तिकारी उपयोगको औचित्य पुष्टि हुन्छ । नेपाली क्रान्तिको तयारी गर्ने र जनताको इमान्दारीपूर्वक सेवा गर्ने उद्देश्यमा सहयोग गर्नका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारहरूलाई विजयी गराउन पनि हार्दिक अनुरोध गर्दछौं ।

*०७४ बैशाख १४*

## देजमोका...

संयोजक प्रकाश खनाल लगायत दर्जन बढी नेता कार्यकर्तालाई गिरफ्तार गरेको छ ।

आइतबार विहानबाट शान्तिपूर्ण रूपमा सुरु भएको चुनावी प्रचार कार्यक्रममा प्रहरीले एक्कासी हस्तक्षेप गरेर राज्यआतंक खडा गरेको थियो । देजमो चितवनले उक्त घटनालाई प्रचण्ड नेतृत्वको फासिवादी आतंकको संज्ञा दिँदै घटनाको कडा शब्दमा निन्दा एवम् भर्त्सना गरेको छ ।

यसैबीच, घरदैलो अभियानमा हिडेका बेला प्रहरीले पकराउ गरेपछि मोर्चाका संयोजक अशोक शर्मा, नेकपा (क्रान्तिकारी माओवादी) की केन्द्रीय सदस्य अम्बिका मुडभर सिहितको टोली कार्यकर्ता पक्राउ गर्नुको कारण बुझ्न जादाँ गलत सूचनाका कारण यस किसिमको घटना हुन गएको र अब आइन्दा यस्तो नहुने भन्दै एसपी दीपक थापाले क्षमा याचना गरेका छन् । थापाले पक्राउ गरिएका नेताहरुलाई रिहा गर्दै चुनाव बिथोल्ने टोली भन्ने खबर आएकाले पकाउ गरेको बताए ।

## प्रधानन्यायाधीश...

संसद सचिवालय पुगेका थिए ।

सुशीला कार्की प्रधानन्याधीसमा न्युक्त भएपछि सरकारले गरेको एकपछि अर्को निर्णयविरुद्ध फैसला सुनाएकी थिइन् । विशेष गरेर आइजिपी नियुक्ति प्रकरणमा सरकार र सर्वोच्च अदालतबीचको टकराव खुलेर देखियो । सत्तारुढ दलले महाभियोग प्रस्ताव दर्ता गेरर कार्कीविरुद्ध प्रतिशोध साँधेको कतिपय बुद्धिजीविहरूको विश्लेषण गेरको छ ।

## जिल्ला...

**कास्की**

-पोखरा लेखनाथ महानगरपालिका- मेयर- भीमबहादुर श्रीस, उपमेयर कल्पना थापा, वडा नं. ९ अध्यक्ष लक्ष्मी अधिकारी, वडा नं. १४ अध्यक्ष देवी थापा, वडा नं. १५ अध्यक्ष सीता परियार, वडा नं. २६ अध्यक्ष तिलक प्रसाद बराल

**तनहुँ**

व्यास नगरपालिका- मेयरमा- नेत्र रानाभाट, वडा नं. ३ अध्यक्षमा रामलाल श्रेष्ठ, वडा न १२ मा क. उप बहादुर थापा मगर(उजिर), वडा नं १३ मा लेख बहादुर आले,

-आँबु गाउपालिका वडा नं १ मा टिका बहादुर अर्याल, दलित महिला सदस्यमा पुष्पा नेपाली,

-बन्दिपुर गाउपालिका प्रमुखमा सुन्दरलाल श्रेष्ठ, वडा नं १ मा बेनी बहादुर थापा,

-भानु नगरपालिका मेयरमा लक्ष्मी मल्ल,

-शुक्लागण्डकी नगरपालिका मेयरमा जीत महत, वडा न १ अध्यक्षमा केशब भट्टराई, भिमाद नगरपालिका मेयरमा श्रीराम लम्साल, वडा नं ६ मा प्रकाश श्रेष्ठ

**सुर्खेत**

विरेन्द्रनगर नगरपालिका- मेयर- खडानन्द लामिछाने, पञ्चुरी नगरपालिका- मेयर- गणेशबहादुर शाही, गुर्वाकोट नगरपालिका-मेयर-टेकबहादुर थापा, बराह गाउँपालिका- प्रमुख- श्याम कार्की,

**दैलेख**

- दुल्लु नगरपालिका- मेयर- विरेन्द्र सिंह, आठबिस नगरपालिका- मेयर- शेरबहादुर शाही, उपमेयरमा हरि बिक, चामुण्डा विन्द्रासैनी नगरपालिका- उपमेयर- कमला चन्द, नारायण नगरपालिका-मेयर- रामबहादुर नेपाली, ढुंगेश्वर गाउँपालिका-प्रमुख-धर्मेन्द्र ज्ञावाली, उपप्रमुख- जगत भट्ट, बेस्तडा गाउँपालिका-प्रमुख-बालकुमारी खड्का

**जुम्ला**

-तिला गाउँपालिका- प्रमुख- अम्मरसिंह नेपाली, तातापानी गाउँपालिका-प्रमुख- कालीबहादुर रावत

**पर्वत**

-कुस्मा नगरपालिका- मेयर- लिला दवाडी, उपमेयर- खड्गबहादुर पुन, जलजला गाउँपालिका-प्रमुख- यमबहादुर कार्की, वडा नं. ४ अध्यक्ष- टेकबहादुर थापा, मोदी गाउँपालिका- प्रमुख महान गुरुङ, वडा नं. ५ अध्यक्ष-अगन बहादुर विका, वडा नं. ६ अध्यक्ष-प्रकाश लामिछाने

**रामेछाप**

-रामेछाप नगरपालिका- मेयर- भक्तराज थापा'अपिल', वडा नं. ४ अध्यक्ष दानबहादुर श्रेष्ठ, वडा नं. ६ अध्यक्ष इन्द्र बहादुर तामाङ

**लमजुङ**

-राइनाथ नगरपालिका- मेयर- सुरेश न्यौपाने

**गोरखा**

-गोरखा नगरपालिका मेयर- अमृत राना, पालुङटार नगरपालिका मेयर भूमि नारायण मल्ल, अजिरकोट गाउँपालिका प्रमुखमा तेजबहादुर गुरुङ, सिरानचोक गाउँपालिका प्रमुखमा छविलाल घले, गण्डकी गाउँपालिका प्रमुखमा राम नेपाली, पालुङटार नपा ६ नं वडा अध्यक्षमा रमेश रोका क्षेत्री र सिरानचोक गाउँपालिका ७ नं. वडा अध्यक्षमा हरिबहादुर गुरुङ ।

**बाग्लुङ**

-बाग्लुङ नगरपालिका-मेयर- कुलदिप भट्ट,

-ढोरपाटन गरपालिका मेयर- निलबहादुर पुन, वडा नं. १ अध्यक्ष भविन्द्र विक, सदस्य गुन्जमान भण्डारी, वडा नं. २ अध्यक्ष वीरबहादुर विक, महिला सदस्य रिमा विक, सदस्य भविन्द्र कुमाल, वडा नं. ३ अध्यक्ष हेमेन्द्र घर्तीमगर, दलित सदस्य टेकबहादुर विक, महिला सदस्य गमी बुढामगर, वडा नं. ४ अध्यक्ष गोकुल अर्गेजा, दलित सदस्य लालबहादुर विक, वडा सदस्य चन्द्रबहादुर शेरबुजा, महिला सदस्य केशरी घर्ती मगर, वडा सदस्य रामबहादुर जिसी,

-जैमनी नपा मेयर- लालबहादुर छन्त्याल- वडा नं. १ मा कुलबहादुर थापा, सदस्य कुमार थापा, २ मा टेबहादुर पाण्डे, ३ मा तिलबहादुर छन्त्याल,

-काँठेखोला गाउँपालिका अध्यक्षमा खिमबहादुर पुन,

-तारा गाउँपालिका ऋषिराम रोका, वडा नं. १ मा जगबहादुर छन्त्याल, सदस्यमा गंगा बहादुर गुरुङ, दलित सदस्य नरबहादुर विक, महिला सदस्य सन्तु घर्ती, सदस्य छमबहादुर घर्तीमगर, २ नं वडा अध्यक्ष अमृत घर्तीमगर, सदस्य गोविन्द परियार, सदस्य हर्क बहादुर रोकामगर,

-गलकोट नपा मेयर- नरेन्द्र पुन, वडा नं. १ वडा अध्यक्ष रुद्रसिंह श्रीस, सदस्य कृष्ण काउछा, महिला सदस्य सरिता परियार

**गुल्मी**

-गुल्मीको रुरु गापामा केशव अधिकारी, कालीगण्डकी गापामा दण्ड पुलामी, रेसुङ्गा गापामा नन्दराम राना, सत्यवती गापामा टिका राना, उम मा तेजकुमारी थापा, ३ नं. वडामा अर्जुन तरामु, सदस्यमा सरोज राना, २ नं. तसलिमा राना,

**पाल्पा**

-पाल्पा तानपामा मकबुल अली, उपमा दिला खाती, ९ नं. वडामा मिना सुर्यवंशी, गणेश भट्टराई, रम्बा गापामा मानध्वज श्रेष्ठ/पदम लामिछाने, वडा नं ४ मा सीता गहतराज, बग्नास्थली गापामा चूनिकला विक, नं. ९ वडामा टेक बहादुर विक, सदस्यमा इश्वरी विक, पूर्वखोला गापाको १ वडामा लिला श्रेष्ठ, ४ को सदस्यमा भोज मर्साङगी ।

# माओवादीहरूले पालना गर्नुपर्ने ६ नियम



माओत्सेतुङले 'पार्टीमा पुँजीवादी विचारहरूको विरोध गर' शीर्षकको आफ्नो एउटा लेखमा केही नियमहरूको उल्लेख गरेका छन् । ती नियमहरू निम्न प्रकारका छन् । (हेर्नुहोस्, माओ 'संकालित रचनाहरू' भाग ५, पृष्ठ १११)

'सातौं केन्द्रीय कमिटीको दोस्रो विस्तारित बैठकमा केही नियमहरू स्वीकृत भएका थिए, तर तिनलाई त्यसको प्रस्तावमा लेखिएको थिएन । पहिलो नियम हो-जन्मोत्सव मनाउनमा प्रतिबन्ध । जन्मोत्सव मनाएर दीर्घ जीवन पाउने होइन । महत्वपूर्ण कुरा त आफ्नो काम राम्ररी गर्नु हो । दोस्रो नियम हो- कमसेकम पार्टीमा, कोसेलीमाथि प्रतिबन्ध । तेस्रो नियम हो- सम्मान पानलाई सकेसम्म कम गर्नु । खास अवसरहरूमा सम्मान पानलाई इजाजत दिन सकिन्छ । चौथो नियम हो- करतल ध्वनीलाई (तालि बजाउने कामलाई) सकेसम्म कम गर्नु । उत्साहले ताली बजाउने जन-समुदायमाथि प्रतिबन्ध लगाउनु वा चिसो पानी खन्याउने काम हुनु हुँदैन । पाचौ नियम हो- व्यक्तिको नाउँमा ठाउँको नामाकरणमाथि प्रतिबन्ध । छैठौं नियम हो- चिनियाँ कमरेडहरूलाई मार्क्स, एन्जेल्स, लेनिन वा स्टालिनको बराबरीमा राख्ने काममाथि प्रतिबन्ध । उहाँहरूसितको हाम्रो सम्बन्ध गुरु-चेलाको सम्बन्ध हो र हुनुपर्ने कुरा पनि त्यही हो । यी नियमहरूको परिपालना गर्नु भनेको सच्चा विनम्रता हो ।

*प्रस्तोता : कृष्णदास श्रेष्ठ*


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

